नेपालको पहिलो बौद्ध मासिक
# आनन्द भूमि

२०६६ पुष पूर्णिमा – ३७ | अंक ९ | The Ananda Bhoomi (Year 37, Vol. 9)
बु.सं. २५५३ | ने.सं. ११३० | A Buddhist Monthly : Dec./Jan. 2009/10

*प्रमुख सल्लाहकारः*
भिक्षु कुमार काश्यप महास्थविर (प्रमुख, आ.कु.वि.)
भिक्षु मैत्री महास्थविर (अध्यक्ष, आ.कु.वि.संस्था)

*सल्लाहकारः*
भिक्षु धर्ममूर्ति (सचिव, आ.कु.वि.)

*व्यवस्थापक*
भिक्षु सरणंकर
आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगीः*
मिलन श्रेष्ठ, जुजुभाई तुलाधर, संघरत्न शाक्य

*वितरण तथा अर्थ*
भिक्षु पियदस्सी, भिक्षु नारद, भिक्षु शान्तकोशल

*लेखा व्यवस्थापनः*
भिक्षु प्रज्ञारत्न, सुरेश महर्जन, स्वयम्भू

*आवरण सज्जाः*
फलसमान शाक्य

*सम्पादन सहयोगीः*
भिक्षु जनक, विश्व शान्ति विहार

*सम्पादक/प्रकाशन संयोजकः*
कोण्डन्य
बुद्ध विहार भृकुटीमण्डप, ४२२६७०२

*वितरणार्थ सहयोगीहरूः*
बुद्धजयन्ती समारोह समिति (श्रीघः), भिक्षु चन्दिमो, भिक्षु जवन, अ.इन्द्रावती, सत्यना शाक्य, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, शाक्य वाच शप-बनेपा, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बागलुङ्), विजय गुरूङ् (लमजुङ्), शेखर शाक्य (नारायणगढ) ।

*मुद्रणः*
डट्स प्रिन्टिङ्ग हाउस, प्रयागपोखरी, ललितपुर, फोनः २१२०२३५

*प्रकाशकः*
आनन्दकुटी विहार
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०

*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**माता पितु उपट्ठानं, एतं मंगलमुत्तमं**

आमाबुबाको उपस्थान गर्नु वा
सेवा गर्नु उत्तम मंगल हो ।

***– मंगल सूत्र***

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@ntc.net.np

**वार्षिक रू. १५०/–** **एकप्रति रू. १५/–** **वार्षिक ग्राहक बनी सहयोग गरौं**

## गताङ्कमा प्रकाशित




पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु
यहि नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel. 4225625 / 4244173

बिश्व मोटर ट्रेडर्स
ख-२,४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं: ४२२५६२५, ४२४४१७३, फाय्क्स: ४२२१८५५
ईमेल: vmtautoparts@wlink.com.np

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि
गाडिका पार्टसहरु को लागि सम्पर्क गर्नुहोस् ।

## विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | सम्पादकीय | | ३ |
| २. | मृतकको मंगल होस् | सत्यनारायण गोयन्का | ४ |
| ३. | अनुरोध तिमीलाई | श्रामणेर कविन्दो | ६ |
| ४. | थेरवादशासन र धर्मोदय सभा | भिक्षु कुमार काश्यप महास्थविर | ७ |
| ५. | ब्राह्मी अभिलेख खोज्न ....... | भिक्षुँ विपस्सी धम्मारामो | ११ |
| ६. | परम्परागत शोषण | भिक्षु सम्यक् सम्बोधि प्राणपुत्र | १४ |
| ७. | भिक्षु धर्मानन्द महास्थविर | कोण्डन्य | १६ |
| ८. | अंगुलिमाल-६ | भिक्षु जनक | १७ |
| ९. | आनन्द कुटी विहारको संशोधित विधानको प्रवन्ध-पत्र | | १८ |
| १०. | सत्यको मुहार | डा. गणेश माली | २२ |
| ११. | गलत शिक्षा, गलत संस्कृति ... | शिशिल चित्रकार | २३ |
| १२. | विगत र वर्तमान | अनागारिका सुधम्मा | २४ |
| १३. | शीलानुस्मृति | श्रामणेर धर्मघोष | २५ |
| १४. | मातापिता | भिक्षु जनक | २६ |
| १५. | कोण्डन्य भन्तेको आमा ..... | भिक्षु गौतम | २८ |
| १६. | भिक्षुया मिखाय् मां मदुगु लू | कोण्डन्य | २९ |
| १७. | बौद्ध गतिविध | | ३६ |
| १८. | राष्ट्रिय बौद्ध सम्मेलन सम्पन्न | सायमि के. रवि | ३९ |

# सम्पादकीय

## शान्ति : सम्बद्ध सबैको जिम्मेदारी

समयपरिस्थिति-परिवेश सधैं एउटै धारले अगाडि बढ्दैन, परिवर्तनको प्रवाहले जो कसैलाई छोड्दैन भने परिवर्तन प्रवाहसँगै हामीले आत्मसात गर्दै अगाडि बढ्ने साहसयुक्त चेष्टा गर्न नसक्दा राजनीतिक-सामाजिक आदि यावत वृत्तमा हलचल मच्चिइने, उथलपुथल समेत हुने गर्दछ । नेपालकै इतिहासको कालखण्डमा आपसी द्वन्द्व, रिसइवी तथा द्वेषभावले शक्ति प्रदर्शनको नाउँमा भएगरेका कयौं उथलपुथल नरसंहारपूर्ण घटना नभएका होइनन् । यथार्थतः द्वन्दले व्यापक रुपमा हिंसाको बाटो अपनाएका क्षणहरु भयावह-त्रासदीपूर्ण हुने गर्दछन् ।

नेपालकै सन्दर्भमा भन्नुपर्दा दशवर्षीय जनयुद्ध तथा दोस्रो जनआन्दोलनपश्चात् विभिन्न राजनीतिक दलबीच स्थापित वृहत शान्तिसम्झौताले अन्तरीम संविधान-०६३ हुँदै नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसम्पन्न, धर्मनिरपेक्ष, समावेशी, छुवाछूतमुक्त संघीय लोकतान्त्रिक-गणतान्त्रिक राज्यका रूपमा अगाडि बढाउने निर्णयसहित वर्तमान संविधान सभासम्मको कठिन यात्रा तय भएको हो । गन्तव्यतर्फ जानेक्रममा यो सबैलाई थाहा भएकै कटुसत्य हो कि आज हाम्रो देश संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य पुनःसंरचनामा परिणतहुँदै जनताले नै संविधान निर्माण गर्ने संविधान सभाजस्तो युगान्तकारी ऐतिहासिक जिम्मेवारी वहन गरी संविधान लेखनकार्य भइरहेको अत्यन्त संवेदनशील संक्रमणकालमा पनि पूर्व सेनाप्रमुख रुकमांगत कटवालले समेत धर्मनिरपेक्षता जस्तो गम्भीर महत्वराख्ने विषयमा जनमतसंग्रहको माध्यमले त्यसको निर्णय गनिुपर्ने प्रतिवेदन प्रस्तुत गरेका थिए भने हिन्दूअतिवादीहरूले पनि त्यसै रटानलाई अद्यावधि छाडेका छैनन् । संघीयताविरूद्ध विष वमन गर्नेहरू सलबलाउन थालेका छन् । गणतन्त्र राष्ट्रमा संघीयताको अपरिहार्यतालाई बेवास्ता गरी बहालवाला उपप्रधानमन्त्री सुजाता कोइरालाले संघीयताबारे जनमत-संग्रहबाट निर्णय गरिनु पर्ने खुलेआअ-सार्वजनिक रूपमै बोल्नु यो गम्भीर विषय हो । यस्ता गैरजिम्मेवारी विधिव्यवहारले भोलिको संविधानमा स्वयं राजनीतिक दलहरूले पनि धर्मनिरपेक्षताका बारेमा राजनैतिक बेइमानी गर्ने त होइन ? यो अत्यन्त संवेदनशील प्रश्नमा धर्मनिरपेक्षतावादीहरूले निरन्तर सजगता अपनाउँदै धर्मनिरपेक्षताको सुनिश्चितताका लागि आवश्यक पहलकदमलाई निरन्तरता दिइरहनु अपरिहार्य विषय भएको छ ।

वर्तमान देखिएको अनावश्यक 'शक्ति द्वन्द्व' हावी हुनु वा हावी गराउनु, एकले अर्कोलाई निमिट्यान्न पार्नु, उक्साउनु-थचार्नु कदापि सुखकर विषय हुनसक्दैन । हामीभित्र विद्यमान अनेकौं समस्याहरुमध्ये 'शक्ति द्वन्द्व' आजको प्रमुख समस्या हो, जुन द्वन्द्वले जनजीवन अस्तव्यस्त, जनयुद्धताकामै धकेलिने पो हो कि, देश र समाजलाई लथालिङ्ग भताभुङ्ग पार्ने हो कि भन्ने डरत्रासले सशंकित तुल्याएको छ ।

त्यसमाथि ६ महिनाको समयमैं (जेठ १४, २०६७ भित्रमा) संविधानको घोषणा होला, राजनीतिक स्थीरता आउला अनि राज्यमा दीगोशान्ति छाउला भनी भारी आशा बोकेका जनताहरु निराश र निरसपूर्ण जीवन धान्न विवश छन् । हिंसा, आतंक, अपहरण, बन्द, चक्काजाम, महंगीको चाप चुलिंदै गएका छन्, अराजकताले प्रोत्साहन र प्रस्रय पाउँदै गएको दिनानुदिनको घटनापरिदृश्यले पुष्टि गरिरहेको छ । राज्य व्यवस्थासम्बद्ध निकायहरु लिखितममा विधिको शासन, विधानका धाराउपधारा, आचारसंहिता फलाकिरहेका हुन्छन् भने बकतममा यानि कि व्यवहारमा स्वार्थ मूलमन्त्रश्यं स्वाहाः भन्ने जपनासँगै आआफ्नो डम्फु बजाउँदै मेरो गोरूको बाह्रै टक्का भन्दै भागबन्दा र टिकाउ प्रवृत्तिरुपी दलदल धरापमा फंसिरहेका छन्, घैंटोमा घाम लाग्ने कहिले होला ?

देशमा शान्तिलाई सुनिश्चिता दिन संविधान निश्चित समयमा आउन सकेन भने के होला भन्ने जनताको ठूलो चिन्तालाई बेवास्ता गरी द्वन्द्वको समाधान द्वन्द्वबाटै हुन्छ भन्ने हठवादीतापूर्ण विधिव्यवहार प्रदर्शन हुँदैजानु, वृहत शान्ति सम्झौतालाई सम्बद्ध पक्षले परिपालन नगरी शक्तिसंचय र आआफ्नो अस्तित्व कायम गर्दैजाने, जुन नाटक मंचनको परिदृश्य रिहलसल हुँदैछ, डरभयत्रासयुक्त हिंसात्मक गतिविधिलाई निरन्तरता दिंदैजाने मानसिकता अझै देखिनु वृहत शान्तिका लागि बाधक एवं प्रत्यूत्पादक कदम हुन् । त्यसैले देश र जनताको सदैव हितसुख चाहने हो भने व्याप्त द्वन्द्व निराकरणार्थ दीर्घकालीन समाधानका लागि सम्बद्ध राजनीतिक पार्टी एवं नेताहरु जिम्मेवार ढंगले प्रस्तुत हुनु, वृहत शान्ति-सम्झौता नभाँडियोस् भनी निरन्तर लागिपर्नु आजको प्रमुखआवश्यक्ता हो ।

जे होस्, देश र जनताका लागि सम्बद्ध पक्ष जिम्मेवार हुननसक्दा देशमा दुर्दशा छाउने हुन्छ भने जनतामा विद्रोहीभाव उब्जिने हुन्छ । परिणामतः हामीले समुन्नत राष्ट्रको अवधारणालाई कुल्चिने हुन्छौं, शान्ति होइन अशान्तमा पिल्सिने र जकडिने हुन्छौं अनि अराजकता एवं हिंसाजन्य आपराधिक गतिविधिले अझ बढी प्रश्रय पाउने हुन्छ । यसउसले जसरी हुन्छ दीगो सुखशान्तिका लागि वृहत शान्ति सम्झौतालाई सम्बद्ध सबै सबैले व्यवहातः पालना गर्ने र गराउनेतर्फ केन्द्रित हुनैपर्छ, व्यक्तिगत, दलीय स्वार्थभन्दा माथि उठी सम्बद्धसबैले आआफ्नो क्षेत्रबाट त्यागमय योगदान गर्नैपर्छ, आफ्नो गोरूको बाह्रैटक्का भन्ने भाव चटक्क छोड्ने जमर्को पनि गर्नै पर्छ होइन भने जुन जोगी आए पनि कानै चिरेजस्तो मात्र भयो भने समग्र राष्ट्रकै लागि हातमालाग्यो शून्यझैं नहोस् ।

# मृतकको मङ्गल होस्



✍ कल्याणमित्र
सत्यनारायण गोयन्का

जन्मनु र मर्नु, मर्नु र जन्मनु, यस जन्म-मरणको चक्करमा सबै प्राणी पिसिइरहेका हुन्छन् । जसको जन्म हुन्छ ऊ जरा, व्याधिबाट गुज्रंदै मृत्युको शिकार बन्नु नै पर्ने हुन्छ । जबसम्म जीवन मुक्त अर्हत् हुंदैन तबसम्म हर मृत्यु फेरि एउटा नयाँ जन्मको कारण बन्छ । जन्म यो लोकमा होस् या कुनै अन्य लोकमा, तर लोकचक्र चलि नै रहन्छ । जन्म, जरा, व्याधि, मृत्यु - जन्म, जरा, व्याधि मृत्यु । यो दुःख चक्र चलि नै रहन्छ ।

कुनै विपश्यी साधकले विपश्यनाद्वारा राग, द्वेष र मोहको बन्धन खुकुलो गर्न थाल्यो भने उसको भवचक्र दुर्बल हुंदै जान्छ । तर सबै कर्म संस्कारहरु, आस्रवहरु क्षय नभइकन पूर्णतया मुक्त हुंदैन । यद्यपि मुक्तिको मार्गमा अगाडि बढ्दै गएपनि जबसम्म लक्ष्य प्राप्त हुंदैन तबसम्म मृत्यु पनि हुन्छ, फेरि जन्म पनि हुन्छ ।



केही दिनअघि चारजना गम्भीर विपश्यी साधकहरूको मृत्युको सूचना आयो । उनीहरूको सद्गतिको पूर्ण आशा राख्न सकिन्छ । परन्तु यो प्रश्न उठीरहन्छ कि प्रियको मृत्युमा परिवारका अन्य सदस्यहरूको कर्तब्य के हो ?

जसले धर्मको साधना विल्कुल गरेको छैन उसको निम्ति त यो ठूलो दुःखको अवसर हो । "पियेही विप्पयोगो दुक्खो - प्रियको वियोग बडो दुःखदायी हुन्छ । अतः सबै परिवारमा रोदन, क्रन्दन मचिन्छ । धेरै दिनसम्म शोकको वातावरण बनाइराख्नु आवश्यक ठानिन्छ । नातेदार, मित्र वन्धु सान्त्वना दिने निहुंले एकत्रित हुन्छन्, परन्तु धेरै जसोले परिवारहरूका शोक परिदेव बढाई दिने नै काम गर्छन् । कतै-कतै त शोकको वातावरण बनाई राख्नको निम्ति रुने मान्छेहरु भाडामा लिएका हुन्छन् । यो अतिको एउटा यस्तो मार्ग हो जसबाट विपश्यी साधक विल्कुल बच्नुपर्छ । आफ्नो परिवारलाई शोकाकुल वातावरणबाट बचाउनुपर्छ ।

अर्कोतर्फ कुनै एक पूर्वी देशमा कसैको मृत्यु भएमा घरको नैराश्यताको वातावरणबाट बचाउनको निमित्त धेरै दिनसम्म समाजका मानिसहरु त्यस घरमा जम्मा भई बाजा-गाजा बजाउँछन्, राग-रंगको वातावरण मचाउँछन । कतै कतै यस्तो सम्म भइसक्यो कि मृतकको घर केही दिनको निम्ति ताश-पत्ताको, जुवाको अड्डा बन्न पुग्छ । रात-दिन नशा-पताको दौड चल्न थाल्छ । यो दोस्रो हानिकारक अति हो, जसबाट विपश्यी साधक बच्नुपर्छ ।

त्यसो भए विपश्यी साधकले यस्तो अवस्थामा के गर्ने ?

सही मध्यम-मार्ग अपनाउने । घरबाहिर र भित्रको वातावरणलाई धर्ममय बनाइराख्नको निम्ति समय समयमा सामूहिक तथा ब्यक्तिगत साधना गर्नुपर्छ ।

एउटा साधना हो मरणानुस्मृति । बार बार मृत्युको स्मृति बनाई राख्ने साधना । मृतकको स्मृति होइन मृत्युको स्मृति । मानौं मृतकको माध्यमबाट मृत्युराजले संदेश पठाएको छ कि हाम्रो मृत्यु पनि कहिले हुन्छ होला, मृत्यु त अवश्यंभावी हो । अरु जुनसुकै कुरा टाल्न सक्छ तर मृत्यु टाल्न सक्दैन । ढीलो-चाँडो आउने नै छ । कहिले आउँछ, यो पनि निश्चित छैन । अतः मरणानुस्मृतिको साधना गर्दै साधकले यसरी चिन्तन मनन गर्नुपर्छ कि "म जहिले भएपनि जानलाई तयार हुन्छु । म आफ्नो विपश्यनाको अभ्यासलाई कमजोर बनाउँदिन ताकि जहिले मृत्यु आएपनि विपश्यनाको होशमा नै देह त्याग्न सकूँ जसबाट अर्को जीवन पनि धर्ममय, विपश्यनामय नै होस् ।" यसरी भवचक्रको धुरी दुर्बल हुंदै समय भएपछि चुंडेर जाओस् । तर यो त्यसबेला हुन्छ जब कि आफ्नो साधनालाई दिनदिनै पुष्ट गर्दै जान्छ ।

कसैको मृत्युले हामीभित्र ज्ञान जगाओस्, तर यो श्मशान ज्ञान मात्र नहोस् । साँचिकै धर्मसंवेग जागोस् । त्यसैले यस्तो अवसरमा बारम्बार मरणानुस्मृतिको साधना गर्नुपर्छ । समस्त शरीर र चित्त स्कंध कति नश्वर छ, कति भंगूर छ, प्रतिक्षण उत्पाद-व्यय भइरहने स्वभावको छ । शरीर र चित्तको संसर्गबाट यो जीवनधारा चलिरहेको छ । कुनै पनि क्षण यो संसर्ग छुट्न सक्छ र मृत्यु आउन सक्छ । ध्यान रहोस् मृत्यु आउनुको किंचित

पनि भय मनमा नजागोस्, बरू मृत्युको तैयारीको उमङ्ग जागोस् । हामीलाई थाहा छैन कतिपय जीवनमा कुन कुन प्रकारको मृत्यु आयो । तर यस पटक त मनुष्य जीवन प्राप्त भएको छ र मनुष्य जीवनमा पनि विपश्यनाको कल्याणकारिणी, मुक्तिदायिनी साधना प्राप्त भएको छ । यसलाई पुष्ट गरी यस पटकको मृत्युलाई अधिक कल्याणकारिणी बनाऔं । अन्तिम स्वास विपश्यनाको अनित्य बोधमा नै छोड्न सक्ने बनौं । यो निश्चय दृढ हुँदै जाओस् र यस निश्चयलाई सफलीभूत बनाउनको निम्ति दैनिक विपश्यना साधना अधिक समयसम्म र अधिक गम्भीरतापूर्वक गर्न थालौं । गृहस्थ जीवनको अत्यन्त अनिवार्य जिम्मेदारीहरूलाई निभाउनको निम्ति जति समय दिनुपर्छ त्यो अवश्य दिउँ, तर बाँकी बचेको सारा समय विपश्यनाको पुष्टिमा नै लगाऔं । मङ्गलमय मृत्युको तयारीमा नै लगाऔं । अल्छी प्रमादमा, बेकारको वादविवादमा, निरर्थक गफमा अलिकति पनि समय खेर नजाओस् । जीवनको जति दिन बचेको छ त्यसको सदुपयोग होस् । वर्तमान पनि सुधार होस् र भविष्य पनि सुधार होस् । यो लोक सुधार होस् र परलोक पनि सुधार होस् ।

यो भयो आफ्नो भलाईको निम्ति प्रेरणाजनक साधना । तर परिवारको विपश्यी सदस्यले मृतकको निम्ति के गर्ने ?

मृतकको निम्ति पनि साधना नै गरौं । विपश्यनाको प्रत्येक बैठकपछि मर्ने मृतकलाई मनले सम्झौं र संकल्प गरौं कि मेरो साधनाको पुण्यमा "तिमी पनि सहभागी बन ।" मृतकलाई यो पुण्य वितरण गर्नुभन्दा ठूलो अरू कुनै कल्याणकारी श्राद्ध हुन सक्दैन ।

विपश्यनाको प्रत्येक बैठकपछि मंगलमैत्रीको अभ्यास गर्दा सबै प्राणीहरूको मंगल कामनाका साथसाथै मृतकलाई सम्झी उसप्रति विशेष मंगल भावना गरौं । व्यक्तिगत मंगल कामना गरौं– "तिमी यस समय जहाँ छौ, जुन अवस्थामा छौ, जुन लोकमा छौ, जुन योनीमा छौ, तिम्रो मंगल होस् । तिम्रो कल्याण होस् । तिम्रो स्वस्ति मुक्ति होस् । तिमी धर्मको पथमा अगाडि बढी भवचक्रबाट शीघ्र मुक्त हुन सकुन् ।"

विपश्यना साधनाद्वारा चित्तलाई यथासम्भव शान्त, स्थीर र निर्मल गरी जुन मंगलमैत्री गरिन्छ त्यो ज्यादै बलवान हुन्छ, प्रभावशाली हुन्छ, कल्याणकारी हुन्छ । निर्मल चित्तले मैत्री दिंदा जुन पुलक-रोमाञ्च हुन्छ त्यसबाट मैत्रीको तरङ्ग तीब्र हुन जान्छ र मृतक व्यक्ति जहाँ भएतापनि, जुनसुकै अवस्थामा भएपनि, यी तरङ्गहरूको सम्पर्कबाट पुलकित हुनजान्छ । आहलाद-प्रह्लादले भर्छ । यो संभव छ कि उसलाई आफ्नो पूर्वजन्मको अलिकति आभास पनि नहोस् र उसलाई यो पनि थाहा नहोस् कि कसैले उसलाई मैत्री पठाइरहेको छ, तरपनि ऊ प्रभावित हुन्छ र लाभान्वित हुन्छ । केही समयको निम्ति मात्रै किन नहोस्, उसको चित्त प्रसन्न भइदिन्छ । धर्मपथतर्फ आकर्षित हुन्छ । यस्तो मैत्री बढी सार्थक हुन्छ, सफलदायी हुन्छ ।

यसको विपरीत यदि कोही साधक जब आफ्नो प्रिय मृतकलाई सम्झी दुःखी हुन्छ, व्याकुल हुन्छ भने त्यो व्याकुलताको तरङ्ग बडो अनर्थकारी हुन्छ । मृतक जहाँसुकै होस्, ऊ बेचैन हुन्छ । उसलाई थाहा हुँदैन यसरी किन भयो ? तर दुःखी चाहिँ भइहाल्छ ।

साधकले यो चाहेको हुन्छ कि मेरो प्रिय गयो, जान त गइहाल्यो, तर ऊ जहाँ भएतापनि सुखी होऊन्, शान्त होऊन्, मंगललाभी होऊन्, धर्मलाभी होऊन् । यस्तो इच्छा भएपनि आफ्नो अबोधताको कारणले प्रियलाई व्याकुल, बेचैन, अशान्त बनाउने काम गर्छ । अतः विपश्यी साधकले यो होश गर्नुपर्छ कि जबजब उसलाई प्रियको सम्झना हुन्छ, मैत्री नै जागोस् । बिर्सेर पनि विस्मात नजागोस्, विलाप नजागोस् ।

हरेक व्यक्तिले आफ्नो अनुभवले थाहा पाउँछ कि कहिले काहिं कुनै स्पष्ट कारणविना नै मनमा उराठ लाग्छ, विषाद्ले भरेको हुन्छ, यस्तै प्रकारले कहिलेकाहिं विना स्पष्ट कारणले नै मनमा उमङ्ग उल्लास जागेको हुन्छ, बडो प्रसन्नता भरेको हुन्छ, सबैथोक बडो प्रिय लागेको हुन्छ । सामान्य साधक त होइन परन्तु अलिकति पाकिसकेको साधक भएमा त राम्रोसँग थाहा पाउँछ कि बाहिरको तरङ्गले मलाई प्रभावित गरिरहेछ । प्राणीले जसरी आपनो तरङ्गले वातावरणलाई धेरै थोरै प्रभावित पार्छ त्यसरी नै स्वयं पनि वातावरणको तरङ्गबाट धेरैथोरै प्रभावित भइरहेको हुन्छ । यो प्रकृतिको नियम हो । साधकले यो नियमलाई राम्रोसँग जानी रहन्छ कि जब जब म आफ्नो प्रिय मृतकलाई सम्झी विकल चित्तले दुःखको तरङ्गलाई प्रजनन गर्छु तब ऊ ती तरङ्गबाट प्रभावित भई दुःखी हुन्छ । त्यसको विपरीत जबजब उसलाई सम्झी प्रसन्न चित्तले मंगलमैत्रीको तरङ्ग उत्पन्न गर्छु तब ऊ ती हर्षका तरङ्गले प्रभावित भई पुलकित हुन्छ ।

प्रिय मृतकलाई सम्झी जबजब मन व्याकुल हुन्छ तब तुरुन्त योनिसोमनसिकार शुरु गरौं याने सम्यक् चिन्तन मनन शुरू गरौं- "के म आफ्नो प्रिय मृतकको निम्ति रोइरहेछु ? यदि हो भने किन ? मृतक अधोगतिमा नै गयो भनेर के मैले निःसंदेह रूपले थाहा पाएँ ? यसो होइन भने मृतक विपश्यी भएको कारणले ऊ सद्गतिमा जाने धेरै सम्भावना छ । यस्तो अवस्थामा उसको मरण उसको निम्ति उन्नतिको कारण बन्यो, अवनतिको होइन । उसको उन्नतिमा म किन दुःख मनाउँ ?" सम्यक्

चिन्तनद्वारा साधकलाई यो थाहा हुन्छ कि म मृतकको निम्ति रोइरहेको होइन । मैले उसप्रति जुन आसक्ति गरेको थिएँ त्यही कारणले बिछोडको दुःखले रोइरहेछु । त्यसैले विपश्यना-साधना गरेर आफ्नो यो विलापको, आसक्तिको कारणलाई हटाऔं । धर्मबोधि जगाऔं र मनलाई शान्त गरौं । यदि ऊ मलाई साँचै नै प्रिय लाग्छ भने विलाप गरी आफ्नो प्रियलाई दुःखी नबनाऔं । आफू उसको सुखको नै कारण बनूँ । आफूले उसलाई शान्त चित्तले मंगलमैत्री पठाइरहुँ ।

कोही विपश्यी साधक यस्तो पनि हुन्छ जो अहिलेसम्म पुनर्जन्मको प्रकृतिजन्य नियमलाई मान्न योग्य छैन । यस्तो साधकले आफ्नो विलापले मृतकलाई दुःख हुन्छ भन्ने कुरा मान्दैन भने त्यसलाई छोडौं । आफ्नो हित सुखको बारेमा नै धर्म-चिन्तन गरौं । "मृतकलाई सम्झी दुःखी हुँदा आफ्ना चित्तधारामा दुःख-संस्कारको बीऊ रोप्छ जसबाट मलाई यस समयमा त दुःखी बनायो, मेरो भविष्य पनि दुःखमय बनाइ दिन्छ । दुःखको बिऊले दुःखकै फल ल्याउँछ । वर्तमान पनि दुःखमय र भविष्य पनि दुःखमय, वर्तमान पनि अन्धकारमय र भविष्य पनि अन्धकारमय नै हुनेछ । त्यसैले दुःखको बीउ नरोपी चित्तलाई विपश्यनाद्वारा शान्त राख्दै मङ्गल-मैत्रीको बीउ रोपौं ताकि वर्तमान पनि सुख शान्तिमय र भविष्य पनि सुख शान्तिमय होस्, वर्तमान पनि प्रकाशमय र भविष्य पनि प्रकाशमय होस् ।"

यसको अतिरिक्त अर्को एउटा कुरा बुझौं । "म जबजब विलाप गर्छु, घरको सारा वातावरणलाई संतापले भरिदिन्छु । घरका सबैजना संतापित हुन्छन् । स्वयंपनि दुःखी बन्छु, अरूलाई पनि दुःखी बनाउँछु । यसको विपरीत विलाप छोडी शान्त चित्त भई मङ्गलमैत्रीको अभ्यास गरेमा घरको सारा वातावरण सुख-शान्तिले भर्छ । स्वयंपनि सुखी, अरु पनि सुखी ।"

सत्य यो हो कि मन एउटा प्रजनन यन्त्र हो जसले प्रतिक्षण तरङ्ग प्रजनन गरिरहन्छ । यदि हामीले प्रिय मृतकलाई सम्झी विलाप गर्दै रह्यौं भने दुःख दौर्मनश्यको तरङ्ग प्रजनन गर्छौं जसबाट स्वयंपनि दुःखी हुन्छौं, परिवारका सदस्यलाई पनि दुःखी बनाउँछौं र आफ्नो प्रिय मृतकलाई पनि दुःखी बनाउँछौं ।

अतःसमझदार विपश्यी साधकले यस्तो अप्रिय स्थितिमा चित्तलाई विपश्यनामय शान्तिमा स्थापित गर्नुपर्छ र प्रिय मृतकको प्रति मङ्गलमैत्रीको तरङ्ग नै प्रजनन् गर्नुपर्छ ।

मृतकको मङ्गल होस् । मृतकको मङ्गल होस् । मृतकको मङ्गल होस् ।

☸

# अनुरोध तिमीलाई



✍ सामणेर कविन्दो

एकोहोरो त्यो दृष्टिमै गर्छौ मोज किन
एक दिनको भोकको लागि तिमी गर्छौ लोभ किन
संसारमा सहनशील क्षमाभावले सधैं सिक तिमी जिउन
तर होशियार नसिक ती दयालुका आँशुहरू पिऊन

मर्नुपर्छ मरणभाव अति विदित तिमी हौ
याद छ राम्रो ज्ञान नपाएर पीडित तिमी हौ
नियममा बसी सिक अनुशासित हुन
घृणा, गाली, हेपाइ होइन सिक माया, प्रेम र उत्साह दिन

राख मनमा सधैं अरू प्राणीहरूको हित
त्यही मैत्रीभावयुक्त बलले धीर शत्रुलाई जित
हुन्छ तिम्रो विजय धीत नमारी देऊ
बुद्धधर्म र संघलाई दुई हात जोडी देऊ

सधैं साथ राख तिम्रा हँसिला ती मुस्कान
कहिले नगर क्रोध व्यर्थ दर्द र दुःखान
शून्यतामा रही गर आभाष प्राप्त सुख
हटाऊ सधैंका लागि नै यी लोभ, द्वेष, मोह

ती तृष्णाहरूबाट तिमी परस्पर भाग
ती हुन् केवल तिम्रो लागि नमेटिने दाग
परियत्ति ज्ञान सिक बुझ जिन्दगी के हो
कहिं पाउँदैन मौका यस्तो न कहिले नै आउँदो हो

मेरो सधैं आशा छ तिमी सुखी हुन्छयौ
जिन्दगी तिमीले नै जिउन सिक्छयौ
जिन्दगीमा गरेको छ्यौ तिम्ले पनि उकाली ओराली
अब बुद्धको ज्ञानले तिम्रो शिखर पुग्ने पाली ॥

☸

# थेरवादशासन र धर्मोदय सभा



भिक्षु कुमार काश्यप महास्थविर, प्रवचक

यस सभाका सभापति, प्रमुख अतिथि संस्कृति मन्त्री डा. मिनेन्द्र रिजालज्यूलगायत उपस्थित समस्त धर्मोदय सभाका सदस्य एवं उपासक उपासिकाहरू, आज हामी धर्मोदय सभाको स्थापना दिवसको उपलक्ष्यमा धार्मिकमय वातावरणमा जमघट भइरहेका छौं ।

बहुजातीय, बहुभाषीय, बहुसाँस्कृतिक, बहुधार्मिक बुद्धजन्मभूमि राष्ट्र नेपाल आज धर्मनिरपेक्ष गणतन्त्रमा परिणत भई आज हामी ऐतिहासिक संविधानको खाका कोर्ने अत्यन्त संवेदनशील घडीमा उभिएका छौं । वर्तमान परिवेशको माहौल तय गर्न इतिहासमा अल्याख योगदानपूर्ण कार्य भएगरेका कुरा हामी सबैलाई थाहा भएकै विषय हो । मलाई अझै याद छ कि ७ सातसालमा प्रजातन्त्रको स्थापना हुन अगाडि त्यतिबेला नेपालमा राणाशासन विरूद्ध चौतर्फी विरोध भइरहेको थियो । राणा प्रशासनले कुनैपनि चेतनामूलक कार्यक्रमप्रति पूर्णतः प्रतिबन्ध लगाइदिएको थियो । राणाशासनलाई जसरी भएपनि अन्त्य गर्न जनता लागि परेका थिए । पठन पाठनमा स्वतन्त्रता थिएन । धार्मिक, सामाजिक, राजनैतिक स्वतन्त्रता थिएन ।

राणाशासनको अन्त्यसँगै बुद्धधर्ममा पुनर्जागरण काल सुरुभई धर्मोदय सभाजस्तो गौरवनीय धार्मिक संस्था स्थापना भएको इतिहास थाहा पाइराख्नु राम्रो हुन्छ । नेपालमा थेरवाद बुद्धधर्मको पुनर्जागरण कालसँगै उदाएको धर्मोदय सभाको विगत इतिहासका नालीबेली कथा स्मरणीय छ । जहाँसम्म इतिहासलाई फर्किहेर्दा नेपालमा एशियाली स्वतन्त्र संग्रामको जागरणको साथै उठेको धार्मिक चेतना अभिवृद्धि हुँदै वि.सं १९८१ मा पुग्दा तिब्बतको खामबाट आएका क्यान्छा लामा नेपालको बौद्ध जागरणमा नौलो अध्याय थपिदिएको थियो । धार्मिक जमघटले बौद्ध संगठनप्रति राणा शाशकीय प्रशासकहरू तर्सिए । उनको उपदेशबाट प्रभावित हुनेहरूमध्ये प्रेमबहादुर श्रेष्ठले वि.सं. १९८२ मा छिरिङ्ग नुर्बुको उपाध्यायत्वमा महाप्रज्ञाको नाउँबाट घेलुंदीक्षा (लामाभिक्षु) प्राप्तगरे । उनीसँगै हर्षदेव, कान्छा शाक्य, ज्ञान शाक्य, बेखाराज शाक्यले पनि दीक्षा प्राप्त गरे । यसरी नै महाप्रज्ञाकै प्रभावले इतुंबहालका वैद्य कुलमानसिंह वि.सं. १९८४ मा कर्मशीलको नाउँबाट लामाघेलुंदीक्षा प्राप्त गरे । महाप्रज्ञालगायत पाँचजना काठमाडौं सडकमा धर्मप्रचारात्मक कार्यमा लागेपछि चन्द्र शमशेर महाराज सरकारलाई असह्य भयो । अनि वि.सं. १९८२ श्रावण महिनामा महाप्रज्ञा, महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्तिलाई देशबाट निर्वासित गर्‍यो ।

देश निर्वासनपछि गुरु छेरिङ्ग नुर्बुसँगै महाप्रज्ञा भारतमा धार्मिक यात्रा तथा थेरवाद बुद्धधर्मको अध्ययनतर्फ आकर्षित भए । बुद्धको परिनिर्वाणस्थल कुशीनगरमा वि.सं. १९८५ मा बर्माका स्थविरवादी भिक्षु उ. चन्द्रमणिको उपाध्यायत्वमा पूर्ण रूपमा स्थविरवादी श्रामणेर दीक्षा प्राप्त गरे । यही नै आधुनिक नेपालको इतिहासमा थेरवाद बुद्धधर्मको बिउ रोप्ने र जगस्थापनाको ऐतिहासिक घटना हो । नेपाली थेरवादकै इतिहासमा पहिलो थेरवादी श्रामणेरदीक्षा प्राप्त महाप्रज्ञाले ३ वर्षपछि सन् १९३१ को वैशाख पूर्णिमाका दिन उपसम्पदादीक्षा प्राप्तगर्नुभयो ।

बौद्ध तीर्थस्थलको क्रममा कुशीनगर पुगेका कर्मशील भिक्षुले भिक्षु ऊ.चन्द्रमणी महास्थविरबाट स्थविरवादी शुद्धबुद्धशासनका ज्ञानगुण बारे उपदेश सुनेपछि हृदय परिवर्तन गरी चन्द्रमणी महास्थविरकै उपाध्यायत्वमा वि.सं. १९८७ मा स्थविरवादी श्रामणेरदीक्षा प्राप्त गर्नुभयो । श्रामणेर कर्मशील बीरगंज भंसारबाट राहदानी लिनुभई नेपाल प्रवेश गरी बुद्धको जन्मभूमि नेपालका नेपालीहरूबीच प्रथम ऐतिहासिक पीतवस्त्रधारी स्थविर श्रामणेरको रूपमा काठमाडौं उपत्यकामा प्रवेश गरी किण्डोल विहारमा बसीकन नेपालमा स्थविरवादी बुद्धधर्मको पुनः प्रचार गरी जग हाल्नुभई धर्मको पुनर्स्थापना गर्नुभयो । उहाँ बाह्रां साहु (धर्मालोक महास्थविर) को निमन्त्रणाअनुसार किण्डोल विहारमा बस्नुभयो ।

वि.सं. १९८८ मा "किण्डोल विहारमा आडम्वर मत चलाइयो" भन्ने आरोप लगाई जोगवीरसिं, चित्तधर, धर्ममान, बाह्रांसाहु (धर्मालोक) गरी एघार जनालाई वर्षभरी तारिखमा धाउन बाध्य गरियो । वि.सं. १९८९ सालमा बाह्रां साहु पनि कुशीनगरमा भिक्षु चन्द्रमणि महास्थविरकै उपाध्यायत्वमा दीक्षा प्राप्तगरी श्रामणेर धर्मालोक भए । नेपालमा स्थविरवाद बुद्धधर्म प्रचार गर्ने उद्देश्य लिई किण्डोल विहार पुगेकै रातमा उनलाई पुलिस आई थानामा पुर्‍याए । चन्द्रबहादुर मेजरले "किन कपाल मुण्डन गरेको" भनी सोध्दा "भविष्य सुधार गर्न" भनी जवाफ दिंदा "नेपालमा यस्तो छाँटले आउनु हुँदैन ।" भनी जुद्ध शमशेर महाराजसमक्ष अनेकौं दोष लाञ्छना लगाइयो ।

म त पाल्पाली, त्यतिबेला विकट क्षेत्रजस्तै हुँदा कुनै सुविधा थिएन । दिवंगत नेपालका संघमहानायक भिक्षु कर्मशील

प्रज्ञानन्द महास्थविरसँगै वि.सं. १९९९ मा भारतको कुशिनगरमा बर्मेली चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा प्रव्रज्यादीक्षा प्राप्त गरी श्रामणेर कुमार नाउँले नयाँ जीवन पाएँ । श्रामणेर प्रव्रज्यापछि काठमाडौं आएँ र स्वयम्भूस्थित किण्डोल विहारमा बसें । त्यतिबेला अहिलेजस्तो थिएन, भिक्षु जीवन सहज पनि थिएन, अत्यन्त कष्टकर थियो । मलाई अझै याद छ कि किण्डोलदेखि असनतिर घण्टौं हिँड्दै भिक्षाटनका लागि विष्णुमतीहुँदै ताम्सिपाखा, नरदेवी, टेङ्गल, न्ह्योखा, क्वहिति ओर्लेर विष्णुमती पुल तरी छाउनी भएर किण्डोल पुग्दा बल्ल बल्ल एकमाना चामल, बढिमा एक रूपियाँ पाइन्थ्यो कहिले त भिक्षा पात्रमा एकमुट्ठीचामल र छपैसा मात्र दानप्राप्त हुन्थ्यो । भिक्षा जाँदा प्राय मानिसहरू तोलाएर हेरीरहन्थे भने कसैले गालि पनि गर्थे । तर साठीवर्षपछि आउँदा समयले कोल्टो फेरिसकेको छ, अहिले श्रद्धाका साथ दानदिने दाताहरू धेरै भइसकेको देख्दा मनमा आनन्दको अनुभूति हुनेगर्छ । त्यतिबेला चारजना मान्छे एकठाउँमा भेटघाट गर्न राज्यप्रशासनदेखि डराउनु पर्थ्यो, धर्म गर्नेहरू पनि आनन्दपूर्वक स्वतन्त्र भएर धर्मकर्म गर्न पाइँदैनथ्यो । झन् प्रव्रज्यादीक्षा धारण गरी त्यागी जीवन अपनाउनेहरू दशपन्ध्रजनाभन्दा बढि थिएन ।

भिक्षुहरूको प्रभावले स्वयम्भूमा ज्ञानमाला भजनको प्रभाव पनि बढेपछि तत्कालीन प्रशासनलाई टाउको दुखेको थियो । यसले त्यतिबेला धर्मको उद्देश्य बोकी नेपाल भाषा र साहित्य, नेवारी जनसमुदायबीच जागरणमूलक कार्य संचालन गरेको थियो । वि.सं. २००० सालसम्म ज्ञानमाला भजनले विशाल रूप धारण गरिसकेको थियो । ठाउँ ठाउँमा साँझतिर ज्ञानमाला भजन अभियान थालियो, जसमा हजारौंको उपस्थितिले प्रशासन संयन्त्रलाई सचेत हुन बाध्य तुल्याइयो । २००० कार्तिक महिनामा प्रहरी हाकिम चन्द्रबहादुर थापा दलबलसहित भजन खलःमा छापा मार्न आए । भजन पुस्तक सबै जफत गरे, नेवारी (नेपाल भाषा) भाषामा किन गाएको ? भन्दै थानामा हाजिर हुनका लागि आदेश दिइयो । सर्वसाधारण धर्मकर्म गर्न किण्डोल विहारमा जमघट गर्ने क्रमले प्रशासनलाई अझ बढी टाउको दुखाइको विषय भएपछि कयौंलाई धरपकड गर्ने, थुन्ने, हिरासतमा लिने, जरिवाना गर्ने, धार्मिक पुस्तक जफत गर्नेजस्ता निन्दनीय कार्य गरेका थिए ।

महाप्रज्ञा र कर्मशीलजस्ता कर्मठ थेरवादी दीक्षितहरूको आगमनपछि नेपाली नारीहरूलाई अनागारिका दीक्षा दिलाई बुद्धधर्ममा नारीहरूलाई समेत प्रव्रजित जीवन गुजारा गर्न नयाँ बाटो तय गरिएको स्मरणीय इतिहास छ । बि.सं. १९८८ मा कर्मशीलले आफूसँगै प्रवज्याका इच्छुक उपासक उपासिकाहरूलाई कुशीनगर पुऱ्याई गुरु चन्द्रमणिको हातबाट स्थविरवादी बुद्धशासनमा प्रवज्या पनि प्रदान गराए । प्रव्रज्यापश्चात् माहिला उपासक शासनज्योति श्रामणेर बने भने पुण्यतारा, चँछिमि र संघतारा उपासिकाहरू क्रमशः अनागारिका रत्नपाली, धर्मपाली र संघपाली बनेका थिए ।

वस्तुतः विहार विहारमा बुद्धपूजा गर्न पाईंदैन, नेपाल भाषामा लेख्न पाईदैन, गृहस्थीहरूलाई प्रव्रज्या-दीक्षा प्रदान गर्न पाईंदैन" भनी राणाशाही प्रशासनले भिक्षुहरूलाई निष्क्रिय गरी समाप्त पार्ने नै मनसायले दुःख दिन खोजेका थिए । मलाई अझै याद छ, मेरो यो कानमा अझै गुन्जिएझैं लागिरहेछ कि जुद्धशम्शेर महाराजकै समकक्षमा उनका पुत्र बहादुर शमशेरले सोधपूछ गरिंदा भिक्षु सुबोधानन्दले "हामी खान नपाएर भिक्षु भएका होइनौं । धर्मप्रचारका लागि आएका हौं" भनी जवाफ दिए । त्यसैबेला वर्षावासमा भिक्षुहरू एकै ठाउँमा बस्नुपर्ने नियम रहेको जानकारी गराउँदैबेला भिक्षु धर्मालोक सिंहमर्मरको बुद्धमूर्तिसहित नेपाल प्रवेश गरेको खबर थाहा पाएर वि.सं.२००१, श्रावण १५ का दिन चारजना भिक्षुहरू प्रज्ञानन्द, धर्मालोक, सुबोधानन्द र प्रज्ञारश्मि, चारजना श्रामणेरहरू अग्गधम्म, रत्नज्योति, प्रज्ञारस र म कुमार गरी हामी सबैलाई सिंहदरवारस्थित जुद्ध शमशेर महाराजसमक्ष विन्तिभाउ मुद्रामा उभ्याइए, अन्ततः आडम्बर मत चलाए भनी हामी ८ जनालाई अत्यन्त कड्किएको डरलाग्दो स्वरले गुज्रिएर स्वदेशबाट निष्काशन गरियो । त्यतिबेला अनागारिकाहरूलाई वर्षावासपछि मात्र निर्वासनमा पठाउने भनी घोषणा गरियो । निर्वासनमा गएका ८ जना भिक्षु-श्रामणेरहरूका लागि एकजनाका लागि दुईजना सिपाहीं राखी शहर घुमाई चन्द्रागिरी डाँडा कटाइ दिए । त्यतिबेला श्रद्धालु दाताहरू थानकोटसम्म रूँदै अत्यन्त दुःखित मुद्रमा पुऱ्याउन आएका हृदयविदारक दृश्य आँखामा झलझली याल आइरहन्छ । वास्तवमा यो घटना नेपालको बुद्धधर्मको इतिहासमा कलंकित घटना हो ।

यसरी बुद्धजन्मभूमि नेपालबाट भिक्षु-श्रामणेरहरूको देशनिकालापछि अन्तर्राष्ट्रिय जगतमा समेत हल्लाखल्ला मच्चियो । निष्काशित भिक्षु-श्रामणेरहरू बनारसतिर लागे । जुद्ध शमशेर महाराजबाट थेरवादी भिक्षुहरूलाई स्वदेशबार्ट निष्काशन गरिएपछि त्यतिबेला प्राय नेपाली भिक्षु, श्रामणेर तथा अनागारिकाहरूका उपाध्याय-गुरू ऊ. चद्रमणि महास्थविरकै नेतृत्वमा भविष्यमा कसरी संगठित भएर अगाडि बढ्ने भन्ने अभिप्रायले विशेषतः निष्काशनकै पीडाले सन् १९४४ नोभेम्बर ३१ का दिन आर्यसंघाराम, सारनाथमा तीनवटा उद्येश्यहरू १) बुद्धधर्मसम्बन्धी ग्रन्थ सम्पादन तथा प्रकाशन गर्ने, २) प्रवजितभिक्षु तथा अन्य बौद्ध विद्यार्थीहरूका लागि छात्रवृत्ति व्यवस्था गरी शिक्षाको प्रवन्ध गर्ने, ३) अन्य साधनद्वारा बुद्धधर्मप्रति आफ्नो कर्तव्य पालन गर्ने धार्मिक उद्देश्यसहित "धर्मोदय सभा" को गठन भयो । ऊ भिक्षु चन्द्रमणि महास्थविरको

अध्यक्षता सभापतित्वमा भद्दन्त आनन्द कौशल्यायन उपसभापति, भिक्षु अमृतानन्द मन्त्री, भिक्षु महानाम कोविद उपमन्त्री, श्री उपासक मणिहर्ष ज्योति कोषाध्यक्ष, ऊ. कित्तिमा महास्थविर, भिक्षु धर्मालोक, भिक्षु धर्मालोक, भिक्षु अनुरूद्ध, श्री एम.पी. प्रधान कार्यकारिणी सदस्य थिए ।

धर्मोदय सभाको विधिवत गठनपछि नेपाली भिक्षुहरूलाई देश निकाला गरिएको बारे अन्तर्राष्ट्रिय दवाब श्रृजना गराउनका लागि सभाका सचिव नेपाली उदीयमान भिक्षु अमृतानन्दले सकृयतापूर्वक भारतमा भएका सम्पूर्ण बौद्ध संस्थाहरूलाई पत्राचार गरी राणा शासनले बुद्धधर्ममाथि अन्याय गरेको बारे जानकारी गरी विरोध गर्नाका लागि पत्र लेखे । यसरी नै उनले थेरवादी मुलुक श्रीलंका, बर्मा, थाइलैण्डजस्ता प्रभावशाली व्यक्तित्वहरूलाई पनि सहयोगको अपिल गरी निरन्तर पत्राचार गरी राणा सरकारलाई दबाव दिए । यसै दौरानमा उनै भिक्षु अमृतानन्दले भिक्षु नारद महास्थविरको नेतृत्वमा शिष्ट मण्डल काठमाडौं ल्याउन सफल भए । यसरी राणा सरकारबाटै अनुमति प्राप्त भैसकेपछि वि.सं २००३ वैशाख ५ का दिन कान्तिपुर आइपुगेका भिक्षु नारद, भिक्षु प्रियदर्शी, नेपाली भिक्षु अमृतानन्द, प्रोफेसरद्वय रत्नसुरीय अरियपाल गरी पाँच सदस्यीय बौद्ध शिष्टमण्डल (Buddhist Goodwill Mission) मार्फत् श्री ३ पद्म शमशेर जबराको दर्शनभेटहुँदा २००१ सालमा भूतपूर्व श्री ३ महाराजद्वारा हुकुम बक्स भएबमोजिम नेपाली बौद्धभिक्षुहरूलाई स्वदेशबाट निकाला गरेको कुरा स्मरण गरायो र पछि श्री ३ महाराजा पद्म शमशेरद्वारा भिक्षु धम्मालोकलाई प्रवेशाज्ञाका लागि अनुमति दिइयो । यसरी निष्काशित भिक्षुहरूलाई स्वदेश फर्कन सफल भएपछि नेपाल र श्रीलंकाबीचको सम्बन्धलाई अगाडि बढाउँदै लाने बाटो खुला भयो । आनन्दकुटी आइपुगेका भिक्षु धर्मालोकले आँखाभरी प्रीतिमय आँसु राखी- **अमृतानन्द १ तपाईंले निभिसकेको बत्तीलाई फेरि बालिदिनुभयो** भन्ने उद्गार व्यक्त गरेका थिए ।

७ सालको राजनैतिक क्रान्तिपछि तत्कालीन श्री ५ त्रिभुवनकै निगाहपूर्ण सकृयतामा विश्व बौद्ध सम्मेलनको आयोजना गर्ने सोच मौसूफ सरकारको दिवंगतपछि पनि श्री ५ महेन्द्रको अध्यक्षतामा चतुर्थ विश्व बौद्ध सम्मेलन भव्यताका साथ ४६ वटा अन्तर्राष्ट्रिय राष्ट्रहरूको सहभागितामा सम्पन्न भएको अविस्मरणीय इतिहास नै हो । धर्मोदय सभाले थेरवाद, वज्रयान, महायान गरी तीन यानलाई समेटी गरेको यो सम्मेलन नै नेपालको इतिहासमा पहिलो अन्तर्राष्ट्रिय सम्मेलन हो । नेपालमा बौद्ध संघसंस्थाहरूको अगुवाइको भूमिका निभाउने कार्यसँगै थेरवाद, महायान, वज्रयान बुद्धधर्मबीच समन्वयात्मक भाव श्रृजना गर्दैलान समन्वयात्मकरूपमा नेतृत्व गर्ने परम्पराको थालनीसमेत भएको देखिन्छ । चालिसको दशकसँगै आचार्य भिक्षु अमृतानन्दको समयमैं थेरवाद, महायान र वज्रयान पक्षका पालैपालो अध्यक्ष चुन्ने परम्परालाई कायम गरेअनुरूप प्रथमवार महायानबाट लामागुरू छेचुकुस्यो, वज्रयानबाट पं. दिव्यवज्र वज्राचार्य र थेरवादबाट भिक्षु सुदर्शनलाई निर्विरोध चुनेका थिए । २०४२ सालमा १४ औं अन्तर्राष्ट्रिय विश्व बौद्ध सम्मेलनको आयोजना गरियो भने त्यसपछि प्रत्येक दुई दुई वर्षमा राष्ट्रिय बौद्ध सम्मेलनको आयोजना गर्ने अवधारणा विकास हुँदै गएअनुरूप काठमाडौं, लुम्बिनी, धरान, पोखरा, कपिलवस्तु, धनगढी, नारायणगढ आदि ठाउँमा राष्ट्रिय बौद्ध सम्मेलनको आयोजना गरिसकेका छन् भने आजको परिवेशमा नेपालका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिनिधित्व गर्ने सबैभन्दा जेठो बौद्ध संस्था धर्मोदय सभाबाटै निकट भविष्यमा आगामी पुष २ गते बुद्धजन्मभूमि लुम्बिनी परिसरमा १०औं राष्टिय बौद्ध सम्मेलनको सम्पूर्ण तयारी गर्दै कार्य सफलताको लागि व्यस्तरत यो यस घडीमा हामी धर्मोदय सभाको स्थापना दिवस मनाउन पाइराखेका छौं, यो अत्यन्त धर्मगौरव एवं धर्मप्रीतिको विषय हो ।

धर्मोदय सभाबाट विगतदेखि वर्तमानसम्म धेरै धेरै बुद्धशासनिक योगदानपूर्ण कार्य भएका छन्, त्यस किसिमको बुद्धशासनिक कार्यलाई निरन्तरता दिइरहन सकोस् भनी हार्दिक शुभेच्छासहित सबैलाई साधुवाद ।

**सन्दर्भ-श्रोत**


१) भिक्षु अमृतानन्द, **नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास**, (काठमाडौं : आनन्दकुटी विहार गुठी, वि.सं. २०३८) ।

२) बैकुण्ठप्रसाद लाकौल, **नेपालय् स्थविरवाद**, (काठमाडौं : मालती लाकौल, वि.सं. २०४२) ।

३) कोण्डन्य, नेपालमा थेरवादको संघर्षमय पुनर्जागरणका केही घटनाक्रम ......२५५१ औं बुद्धजयन्ती स्मारिका२०६४, बुद्धजयन्ती समारोह समिति, काठमाडौं, पृष्ठ ४७-५५ ।

४) कोण्डन्य, पूज्य कुमार भन्ते ८३ औं वसन्तमा प्रवेश, आनन्द भूमि ३७/४, आनन्द कुटी विहार, स्वयम्भू, पृ. ४-५ ।

५) कोण्डन्य, **भिक्षु कुमार काश्यप महास्थविर छगू इतिहास**, (काठमाडौं : नेपाल लिपि गुथि, वि.सं. २०६१) ।


*[उपरोक्त सन्दर्भ सामग्रीसहित 31 November 2009 का दिन बुद्धविहार, काठमाडौंमा श्रद्धेय आचार्य भिक्षु कुमार काश्यप महास्थविरको लिखित प्रवचन प्रस्तुत गरिएको हो- सं. ]*

# ॥ सुगति कामना ॥

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**

**उप्पजित्वा निरूज्झन्ति तेसं वुपसमो सुखो'ति ॥**

रथया ल्यू ल्यू धःचा वइथें, जन्मलिसें वइ मरण मनू

मृत्यु मयःसां छन्हु ला सकलें, वनेमाः वइथाय् शरण मनू ।।



जन्म :
वि.सं. २००३ भाद्र १२ बुधवार
(ने.सं. १०६७ यंलाथ्व दुतीया)

मरण :
वि.सं. २०६६ मंसिर २८ आइतवार
(ने.सं. ११३० थिंलागाः द्वादशी)

हाम्रा अनन्य शुभचिन्तकमित्र तथा सुप्रिम स्कूलका सल्लाहकार भिक्षु कोण्डन्यका ममतामयी माता **सीतादेवी मानन्धर (मचाबाबु)** को असामयिक निधनले हामीलाई मर्माहत तुल्याएको छ। दिवंगत उनको पुण्यस्मृतिमा सुगतिको कामनासहित धर्मसंवेग तथा अनित्यस्मरण गर्दै सम्बन्धित परिवारले धैर्य धारण गर्न सकून् भन्ने कामना गर्दछौं ।

प्रार्थी
**सुरेश महर्जन**
अध्यक्ष

**सुप्रिम स्कूल**
स्वयम्भू-भगवानपाउ, काठमाडौं ।

**क्यानन बचत तथा ऋण सहकारी संस्था लि.**
सानो भर्‍यांग, स्वयम्भू-१५, काठमाडौं ।
फोन नं. ४२८८८६८
Email : canon_se@email.com

# ब्राह्मी अभिलेख खोज्न राष्ट्रिय संग्रहालयमा

भिक्षु विपस्सी धम्माराम
मुनि विहार

गोटिहवा (निग्लिसागर), कपिलवस्तुको स्तम्भ अभिलेखले कनकमुनि वा कोणागमन बुद्धको स्तूप, लुम्बिनी, रूपन्देहीको स्तम्भ अभिलेखले गौतम बुद्धको जन्मस्थान प्रमाणित गरेको छ । भारतका सम्राट अशोकका पालाका ब्राह्मी लिपिमा कुंदिएका यी अभिलेखहरू हुन् । यिनै अभिलेखहरू नेपालको लेखन परम्पराको शुरूवात मानिन्छ । यी दुवै अभिलेखहरू नेपालको तराई क्षेत्रका भए । वर्तमान नेपालको राजधानी काठमाडौं उपत्यकामा हालसम्म प्राप्त लिखित प्रमाणहरू भने यी तराई क्षेत्रका अशोकका अभिलेखहरू देखि ५ सय वर्षपछि देखिको मात्र पाइएका छन् । यसबाट नेपालको सांस्कृतिक तथा शैक्षिक इतिहासको एक ठूलो कडि भर्न पर्याप्त प्रमाणहरूको अभाव रहेको छ । यो लेखन प्रविधि काठमाडौंमा छिट्टै नै आइपुगेको हुनुपर्ने अनुमान हुन्छ । किनकि बुद्धधर्म र अशोकको सम्बन्ध घनिष्ठ भएको मात्र होइन, तराई क्षेत्र काठमाडौं उपत्यकाको धेरै नजिक नै रहेको पनि भौगोलिक तथ्य छ । धेरै वाङ्मय प्रमाण तथा कला संस्कृतिले पनि यसको बलियो सम्भावना देखाइरहेको छ ।

निग्लिसागर कपिलवस्तुमा कनकमुनि वा कोणागमन भगवान बुद्धको जन्मभएको लुम्बिनी स्थानलाई निर्विवादपपूर्वक प्रमाणित गर्ने अशोक स्तम्भमा कुंदिएको ब्राह्मी अभिलेखहरू हुन् । यिनै अभिलेखहरू नेपालको लेखन परम्पराको शुरूवात मानिन्छन् । यी अभिलेखहरू नेपालको तराईक्षेत्रका भए । हालसम्म वर्तमान नेपालको राजधानी काठमाडौंमा प्राप्त लिखित प्रमाणहरू भने अशोक अभिलेखदेखि लगभग ५ सय वर्षपछिको मात्र पाइएका छन् । यसबाट लुम्बिनीमा उत्प्रेरित भई विकास भएको लेखन प्रविधि काठमाडौंमा पुग्न यति धेरै समय लाग्न त नपर्ने हो तर प्रमाणको अभाव रहेकोले ठोकुवा गर्न गाऱ्हो भइरहेको थियो । यद्यपि काठमाडौंको भ्रमण गर्न भगवान बुद्ध आफै आएको, भगवान्का शिष्य भिक्षु आनन्द आएको, अशोक महाराजा आफै आएका, अशोक राजाकी छोरी चारूमती आएर विवाह गरी यहिं काठमाडौंमा नै बसोबास गरेको र पछि भिक्षुणी बनेर चाबहिलमा वा चारूमती विहार बनाइ त्यहिं बसेको, अशोकका धर्मदूत भिक्षुहरू आएको, तराई प्रान्तका शाक्य, कोलिय, मल्ल लिच्छवीहरू काठमाडौंमा बसोबास गर्न आएका, विभिन्न व्यापारी समुदाय र धर्मगुरूहरूको आगमन भएको भन्ने चर्चाहरू हुने गरेपनि कुनैको प्रमाण साहित्य वा वाङ्मयमा मात्र सीमित रहेको कुनैको प्रमाण नेपाल देश बाहिरको मात्र परेको आदि कारणले नेपाल उपत्यकाको संस्कृतिलाई तराइकोसंग जोड्न बीचमा प्रमाणहरूको अभाव रहेको मानिन्थ्यो । हालसम्म पनि त्यहि अवस्था रहिरहेको छ ।

देउपाटनमा रहेको चाय्बहिलमा रहेको ठूलो स्तूपको जीर्णोद्धार गर्ने क्रममा भेटिएका अवशेषहरू ब्राह्मी लिपी कुंदिएको ईट्टा पाउनुले अशोकको अभिलेखमा प्रयोग भएको ब्राह्मी लिपिको प्रयोग काठमाडौंमा पनि केही हदसम्म भएको छ र जसले गर्दा ती दुई साँस्कृतिक सभ्यताहरूलाई जोडेको छ । जुनकि इतिहासका विद्यार्थीहरुलाई अत्यन्त कौतुहलको विषय भएको छ । गोटिहवा तथा लुम्बिनीका ब्राह्मी अभिलेखहरू ती स्थलहरूमा गई भरसक हेरी र पढिएको छ । अब यो काठमाडौंको चाबहिलमा पाइएको भनेको ब्राह्मी लेख (ईट्टामा कुंदिएको) हेर्न सार्है कुतकुती लागिरहेको छ । यसबारेमा चाबहिल स्तूप परिसरमा विहार बनाई बस्ने तथा त्यस स्तूपको जीर्णोद्धारको अगुवाई गर्ने भिक्षु तपस्सीधम्मसँग सोध्दा छाउनी संग्रहालयको बुद्धिष्ट कलेक्सनमा रहेको जानकारी पाएँ ।

संग्रहालय गएं, रू. ३० हेर्नको लागि र रू. ३० क्यामराको लागि पैसा तिरेर पहिलो भवन चाहारें । हेर्छु भी गएको त्यो ईट्टा देखिनं । त्यसपछि अर्को बुद्धिष्ट कलेक्सन भवन गएं । २ तल्ला पुरै हेरें । मन चाहेको भेटिनं । त्यहाँ राखिएको २ ठेली पुस्तकहरू हेरिरहेका महिलाहरूको झुण्डबारे मतिर हेरेर एकजनाले सोधी - भन्ते, त्यो हामीले पाठ गर्ने प्रज्ञा पारमिता नै हो कि ? हो, तर यो भोटे लिपीमा छ, एउटा प्रज्ञापारमिता मात्र लेखिएको छ, मिति छैन । अर्को अष्टसहस्रिका प्रज्ञापारमिता हो । त्यो पछिल्लो चाहिं पूरा ७ सय वर्ष पुरानो हो ।

कर्मचारीलगायत प्रशासनमा सम्पर्क गर्दा ब्राह्मी लिपीमा कुंदिएको सो ईट्टा बारे थाहा नभएको जानकारी प्राप्त भयो ।

पुरातत्व विभाग यस्तो विषयसँग सम्बन्धित विभाग भएकोले त्यहाँ सम्पर्कका लागि सुझाव दिए । अनि संग्रहालय र पुरातत्व विभाग दुबैको फोन नम्बरहरू लिएं । राष्ट्रिय मुद्रा संग्रहालय हतार हतारमा हेरें ।

बुद्धिष्ट आर्ट ग्यालरीमा टाँगिएका फोटोसहित सूचनामूलक परिचय पठनीय छ, जुन जानकारीमूलक भएकोले यहाँ प्रस्तुत गरिएको छ -

नेपालको दक्षिणपश्चिम तराई, लुम्बिनी उपवनमा एशियाका ज्योति गौतमबुद्ध (सिद्धार्थ) को जन्म भएको थियो । उनले सम्पूर्ण मानवमात्रको कल्याणको लागि मुक्तिको बाटो खोज्दै २९ वर्षको उमेरमा दरवारबाट महाभिनिष्क्रमण ( गृह त्याग) गरे । ६ वर्षको कठोर तपस्याबाट उनले विहारको बोधगयामा बोधिज्ञान प्राप्त गरे र बुद्ध भए । बुद्ध गहन बुद्धि असिम दया र मानवताको सेवाप्रति आस्था भएका मानिस थिए । भारतको उत्तर प्रदेश सारनाथमा उनले पहिलो उपदेश गरे । चारआर्यसत्य र आर्यअष्टांगिक मार्गजस्ता बुद्धका सरल उपदेशहरूको प्रचारले त्यही समयदेखि नै हजारौं हजार मानिसहरूले यो धर्म अपनाए ।

नेपालीहरूले पनि यस धर्मलाई ठूलो श्रद्धा र मान सहित अपनाए । शुरू शुरूमा बुद्धधर्मको एकमात्र सम्प्रदाय थियो । तर समयानुसार यो धर्म दुई भिन्न सम्प्रदायमा विभाजित भयो । थेरवाद, बुद्धको वाक्यमा स्थीर भएर बस्ने कुनै परिवर्तन नचाहने र महायान प्रगतिवादी । शुरूदेखि नै नेपालमा दुवै सम्प्रदायहरूको प्रभुत्व रह्यो ।

महायान सम्प्रदायले बुद्ध, बोधिसत्व तारा, महाकाल र अरू देवी देवताहरूको कल्पना गरे र ग्रन्थहरू पालीको सट्टा संस्कृत भाषामा लेखे ।

बुद्धधर्म नेपालको तराईको फाँटदेखि उच्च हिमालयका बासिन्दाको मनमा जरा गाड्दै फैलिंदै नेपालको सीमा नाघी एशियामा नै प्रख्यात भई संसारलाई नै प्रभावित पा-यो । आज एशियाका प्रमुख धर्महरूमध्ये बुद्धधर्म पनि एउटा मुख्य धर्म हो । यस धर्मले नेपालीको दैनिक जीवनको साथसाथै नेपालको कलाकौशललाई पनि प्रभावित गरेको छ । बौद्ध धर्मावलम्बीहरू साथसाथै हिन्दूहरू पनि उत्तिकै आदर र श्रद्धाले बुद्धको पूजा गर्दछन् ।

हजारौं बौद्ध ग्रन्थहरू चित्रकला, पौभा, धातु, कास्य, ढुंगा, मृण्मय निर्मित बुद्ध बोधिसत्वका मूर्तिहरू तथा चैत्य र स्तूपहरू पूजाको लागि जहाँपनि हामी पाउँछौं । चर्खादेखि दैनिक प्रयोगमा आउने घरायसी तथा धार्मिक सामग्रीहरू सम्ममा बुद्धधर्मको ठूलो छाप परेको देखिन्छ ।

नेपाल अधिराज्यको बौद्धकलाको एक झलक प्रस्तुत गर्न यस संग्रहालयलाई बुद्धको जन्म र वासस्थल दक्षिण–पश्चिम तराई, बौद्ध कलाको केन्द्र काठमाडौं उपत्यका र हिमाली भेग गरी तीन खण्डमा विभाजन गरिएको छ ।

## तराई कक्ष

ईशापूर्व छैठौं शताब्दीमा शान्तिका अग्रदूत, एशियाका ज्योति गौतम बुद्धको जन्म नेपालको दक्षिण पश्चिम तराई लुम्बिनी उद्यानमा भएको थियो । उनले २९ वर्षको उमेरमा सम्पूर्ण मानवमात्रको कल्याणको लागि शाक्य राजवंशको दरबार कपिलवतुको सम्पूर्ण राजकीय सुखभोग त्याग गरी महाभिनिष्क्रमण गरे । ६ वर्षको कठोर तपस्यापछि आफ्नो धर्मप्रचार गर्दै भारत मध्यदेश (हालको विहार तथा उत्तर प्रदेश) र नेपालको तराई प्रदेशमै उनको कर्मभूमि बन्यो । यस कारणले नेपाल तराईमा खास गरी लुम्बिनी, कपिलवस्तु, देवदह र वरपरका क्षेत्रहरूमा बुद्धधर्म र कलाको ठूलो विकास भयो ।

बुद्धको जन्मस्थल लुम्बिनी बुद्धकै समयदेखि ठूलो तीर्थस्थलको रूपमा परिणत भयो र यस तीर्थस्थलमा धेरै भिक्षुहरू तीर्थ गर्न आए । यसै क्रममा भारतका प्रख्यात मौर्यसम्राट अशोकले भिक्षु उपगुप्तको साथमा यस क्षेत्रको भ्रमण गरी स्तम्भहरू राखे । बुद्धधर्मसँग सम्बन्धित स्थलहरू जस्तै लुम्बिनी, कपिलवस्तु, निग्लिहवा, अरौराकोट, सगरहवा, गोटिहवा, बन्जराही आदिमा उत्खनन्‌बाट प्राप्त प्रागमौर्य, मौर्य, शुङ्ग, कुषाण र गुप्तहरूका समयको मृण्मय भाँडाकुँडाहरू, धातुका मुद्राहरू, अस्थिधातु राखिएका सुनका बट्टाहरूका साथसाथै तत्समयमा बनेका वास्तुकलाका नमूनाहरूको एक झलक यहाँ प्रदर्शन गर्न खोजिएको छ ।

## काठमाडौं उपत्यका कक्ष

बुद्धकै समयदेखि काठमाडौं उपत्यकामा बुद्धधर्मको प्रचार भएको थियो । किराँत र लिच्छवि राजाहरूले पनि बुद्धधर्मप्रति आस्था राख्नुका साथै बौद्ध विहार स्तूपहरू बनाएका थिए । जग्गाहरू गुठीको रूपमा राख्नुको साथसाथै यस धर्मप्रति सद्भावना देखाएका थिए । हजारौं चैत्य स्तूपहरूको साथसाथै बुद्ध तथा बोधिसत्वका मूर्तिहरू ढुंगा र ढलौटमा बनाउन प्रोत्साहन दिएका थिए । बौद्ध धर्मावलम्वीहरूले मात्र होइन, हिन्दूहरू पनि विष्णुको नवौं अवतारको रूपमा बुद्धको पूजाआजा गर्दछन् ।

नेपाल र तिब्बतमा बढ्दै गइरहेको आवश्यकतालाई परिपूर्ति गर्न प्रज्ञापारमिता पंचरक्षा आदि जस्ता हजारौं

बौद्धग्रन्थहरू लेखिए । त्यसबेला विभिन्न देवीदेवताका चित्रहरू पनि बनाए ।

नेपाल उपत्यकामा वज्रयान सम्प्रदायको ज्यादै विकास भएको थियो । वज्रयान सम्प्रदायीहरू तन्त्र मन्त्र आदिमा विश्वास गर्ने हुनाले विभिन्न ग्रन्थहरू देवी देवताहरू र तिनका तान्त्रिक स्वरूपहरू, कर्मकाण्डको आवश्यक वस्तुहरू जस्तै घण्टा, वज्र, फुरूवा आदि बन्न थाले जुन अहिले पनि चलिरहेका छन् । सम्पूर्ण विश्वमा नै काठमाडौं उपत्यका वज्रयान सम्प्रदायको प्राचीन रूपको अध्ययन गर्ने एकमात्र स्थल बन्न पुगेको छ ।

## हिमाली कक्ष

ईशाको सातौं शताब्दीकोदेखि तिब्बतमा बुद्धधर्मको ठूलो प्रभाव परेको देखिन्छ । त्यहाँको बुद्धधर्मको आफ्नै मौलिकता थियो । नेपाल नजिकको छिमेकी राज्य भएकोले तिब्बतका विविध पक्षसँग प्रभावित हुनु स्वभाविक थियो । फलस्वरूप तिब्बतको बुद्धधर्मको प्रभाव पनि नेपालको उत्तरी भेगमा पर्न गयो । तिब्बत क्षेत्रमा भएका विभिन्न धार्मिक सम्प्रदायहरू जस्तै निङ्मापा, साक्यपा, कारग्युपा, कार्मपा र गुलुग्या हिमालय क्षेत्रमा पाइन्छ ।

महामारी रोकिने धार्मिक संस्कार रीतिरिवाज र विधिको साथसाथै प्रयोग गरिने वस्तु फुर्पा, दोर्जे, कर्माहरू पनि र त्यहाँ अपनाइने विधिमा समेत समानता पाइन्छ । यस अतिरिक्त अन्य वस्तुमा पाइने मौलिकता तथा सामिप्यता यस कक्षमा प्रदर्शित केही संग्रहित वस्तुहरूबाट प्रष्ट हुन्छ ।

## मण्डल कक्ष

मण्डल शब्दले साधारणतया चन्द्र सूर्य, जस्तै गोलो वृत्ताकार वस्तुलाई जनाउँदछ । मण्डललाई तान्त्रिक कार्यमा एक महत्वपूर्ण अंगको रूपमा लिइएको छ । तन्त्रको उत्तरार्द्ध कालमा आएर मण्डललाई धर्म अभ्यास गर्ने एउटा माध्यम विश्वको मान चित्रको रूपमा लिइएको छ । मण्डलको मध्य भागमा चतुर्प्राकार स्वरूप एक वर्गाकार स्थल हुन्छ जसको चारैतिर अग्नि ज्वालाले घेरिएको हुन्छ । मध्य भागको यसै स्थानमा बुद्ध बोधिसत्वहरू मर्यादाक्रमानुसार विराजमान भएका हुन्छन् । मण्डलमा अवस्थित वर्गाकार तथा चक्रहरू चाहिं संसारको संरचना हुन् भने त्यस भित्रका बुद्ध बोधिसत्वहरू साधनका मूल अंग हुन् ।

बौद्धतन्त्रमा मण्डललाई संसारको एउटा रेखा चित्रको रूपमा मात्र नलिई यसलाई श्रृष्टिकै पवित्र ज्ञान सहितको महत्वपूर्ण आकृतिको रूपमा लिइएको छ । यसभित्र लुकेको पवित्र ज्ञानलाई धर्मको वास्तविक अभ्यास विना सही अर्थमा बुझ्न सकिंदैन ।

धार्मिक कार्य वा अभ्यास गर्दा मण्डललाई दीक्षाको रूपमा ग्रहण गरिन्छ । यस संस्कार विधिलाई दुई भागमा विभाजन गरी हेर्न सकिन्छ । प्रथमतः बौद्ध भिक्षु वा भिक्षुणीहरू द्वारा गरिने वास्तविक अभ्यास र अर्को जनसाधारणले प्रयोग गर्ने विधि । भिक्षु भिक्षुणीहरूले अभिषेकादि लागि भावनाद्वारा मण्डललाई ग्रहण गर्दछन् भने साधारण उपासकहरूले मण्डललाई फूल अक्षता आदि चढाई श्रद्धापूर्वक पूजा गरिन्छन् । राजाहरूको अभिषेक कार्यविधिमा पनि मण्डलको प्रयोग गरिएको हुन्छ ।

## बौद्ध निकाय

महायान बौद्ध निकायलाई पाँच समूहमा विभाजन गर्न सकिन्छ (१) बुद्धहरू (बोधिज्ञान प्राप्त) (२) बोधिसत्वहरू ( निश्चय नै बुद्धत्व प्राप्त गर्नेहरू) (३) देवदेवीहरू (४) बुद्धधर्म रक्षकहरू (धर्मपालहरू) (५) सहायक गण देवताहरू ।

प्रारम्भमा बुद्धधर्ममा लौकिक सिद्धान्त वा ईश्वरको अस्तित्वलाई मान्यता दिएको थिएन, शाक्यमुनि बुद्धको महापरिनिर्वाणभन्दा केही शताब्दीपछि आएर यस किसिमको लौकिक सिद्धान्तअनुरूप ईश्वरादिलाई देवताको रूपमा मान्यता दिएर पूजिन थाले ।

महायानी बौद्ध ग्रन्थहरूमा उल्लेखित बुद्ध, शाक्यकुलमा जन्म भई सारनाथमा धर्मचक्र प्रवर्तन गर्नुभएका ऐतिहासिक सिद्धार्थ गौतभन्दा फरकको देखापरे । महायानी ग्रन्थहरूमा उल्लेखित बुद्धहरूको ब्यापकता र उत्कृष्टतामा ऐतिहासिक गौतम बुद्धको विभिन्न घटनाक्रमभन्दा पृथक भएर गैराखेको देखिन्छ । यो क्रम समयको बहावसँगै झन मजबूत हुँदै गइरहेको छ । महायानी परम्परामा बुद्धहरूको मात्र उल्लेख भएको होइन अपितु बुद्ध हुने निश्चित क्रममा रहेका बोधिसत्वहरू र बुद्धको शिक्षा वा धर्मको रक्षा गर्ने धर्मपालहरूको पनि उल्लेख भएको पाइन्छ । साथै तिनीहरूलाई देवताको रूपमा पनि पूजिंदै आए ।

बौद्धतन्त्रको विकासक्रमसँगै बुद्धधर्ममा स्त्री देवताहरूका परम्परा पनि भित्रिए । साथै नवग्रह तथा अट्ठाइस नक्षत्र जस्ता आकाशीय पिण्डहरूलाई पनि पूजा विधिमा समावेश गर्दै ल्याए । र यिनीहरू पनि पूजित हुँदै आए । यसै क्रममा छैठौं सातौं शताब्दीतिर आएर बुद्धधर्ममा बौद्ध देवी देवताहरूको प्रभुत्व बढ्दै गए । मण्डल पनि वास्तविक रूपमा अरू केही नभई बौद्ध निकायहरूको प्रतिनिधित्व गर्ने प्रतिकात्मक स्वरूप नै हुन् । क्रमश...

# परम्परागत शोषण

✍ सम्यक् सम्बोधि
प्राणपुत्र

हामी नेपालीहरू नयाँ नेपालको लागि नयाँ संविधान बनाउन जमर्को गरिरहेका छौं । यसको लागि आवश्यक पर्ने सर्वोच्च निकाय संविधानसभा स्थापना गरिसकेका छौं । आवश्यक पर्ने समितिमार्फत सुझाव संकलन पनि भइसकेका छन् । कसैले आफूले भनेझैं नहोला कि भन्ने डरले विरोध गर्दै अस्तित्वको परिचय पनि दिंदैछन् भने कोही धम्क्याउने पनि गर्दैछन् । कोही अझ परिष्कृत संविधान बनोस् भन्ने आशाले नयाँनयाँ सुझावहरू दिइरहेका छन् ।

यसै सन्दर्भमा एक विचार उत्पन्न हुन आउँछ कि परिशुद्ध संविधान बनाउन किन आवश्यक भयो ? के पहिलेको संविधान परिशुद्ध थिएन ? यसको सही र छोटो जवाफ हो, थिएन । यसैले आन्दोलन गरेर, धेरैले शहीद बनेर, खर्चिलो संविधानसभाको चुनाव गरी सभासद् पालेर बसेका छौं । यी सब लगानीले एक सुनौलो सपनालाई साकार गर्नसक्ने निर्देशन वा दस्तावेजको रूपमा नयाँ संविधान तयार गर्नुपरेको छ ।

जनताले आवाज उठाएझैं सबैको समान अस्तित्वको प्रत्याभूति गराउने र सबैलाई अग्रगामी र समृद्ध गराउने हो भने हामीमा भएको कमजोरीलाई हटाउन सक्नुपर्छ । यसैको लागि वास्तविक कमजोरीको खोजी गर्ने क्रममा निम्न कमजोरीहरूलाई बुझ्नु र समाधान गर्नु आवश्यक छ ।

हाम्रो देशमा परम्परागत ५ प्रकारका शोषण छन् । परम्परागत भन्नाले यी शोषणहरू कुनै दुई चार वर्षदेखि शुरू भएको होइन । धेरै लामो इतिहास बोकेको र समाजमा बानि परिसकेका समस्याहरू हुन् । त्यसैले यी शोषणहरू सहजै समाधान हुनसक्दैन । यसको लागि संविधानजस्तो साधनको आवश्यक पर्छ ।

**१) महिलामाथि पुरूषको शोषण :**

यस विषयमा प्रायशः सबै जानकार र सचेत छन् । साथै समाधानको विभिन्न उपायमध्ये ३३ प्रतिशतको सहुलियत पनि दिइसकेको छ । यस विषयमा बढी बोलिरहनु पर्दैन ।

**२) मधेसीमाथि पहाडियाको शोषण :**

काठमाडौंमा मनू मखु मर्स्या खः (मानिस होइन मधिसे हो ।) भन्ने भनाइले पनि पुष्टि गर्छ यस शोषणलाई । त्यति मात्र होइन आफ्नो अस्तित्व जाहेर गर्न शहीद भएर अन्तरिम संविधानमा संघीयता दिइसक्नेहरूलाई पनि सहजै स्वीकार गरिएन । संविधानमा परिवर्तन गर्ने गरी शहादत प्राप्त गर्नेहरूलाई शहीद घोषणा गर्ने कन्जुस्याई भइरह्यो धेरै समयसम्म । अझै मधेसी वा तराईवासीको अस्तित्वको संघर्ष भइरहेको छ ।

**३) सानोमाथि ठूलोको शोषण :**

यसको सीमा विशाल छ । जातदेखि लिएर, सम्पत्ति, ओहदा, स्थान सबैमा लागू हुन्छ यो शोषण । बाहुनले क्षेत्रीलाई, क्षेत्रीले वैश्यलाई अनि वैश्यले शूद्रलाई शोषण गर्ने । राजाले प्रधानमन्त्रीलाई, प्रधानमन्त्रीले मन्त्रीहरूलाई, मन्त्रीले सचिवहरूलाई, सचिवले आफ्ना मातहतका कर्मचारीलाई आदि आदि । यस विषयमा ब्यंग पनि गरिएको छ । कुनै कर्मचारीलाई ठूलो अधिकारीले गालि गरेको छ भने त्यसको रिस घरमा आएर आफ्नी श्रीमतीलाई पोख्छ । उनको त्यसको रिस आफ्ना छोराछोरी वा नोकरमाथि पोख्छ । यस शोषणको प्रत्यक्ष प्रमाण पनि छ । पहिले प्रधानमन्त्री राजाको अधिनमा हुन्थ्यो । तर आन्दोलन पछिको प्रधानमन्त्री कोइरालाले दरबारलाई बजेट छुट्याउँदा सिधै नदिएर प्रधानमन्त्रीकोमार्फत दिइने व्यवस्था गऱ्यो । यसको अर्थ राजाले त्यो बजेट पाउन प्रधानमन्त्रीलाई गुहार गर्नुपर्ने भयो ।

क्षेत्रको हकमा राजधानीले विकासक्षेत्रलाई, विकासक्षेत्रले जिल्लालाई र जिल्लाले नगर गाउँलाई शोषण गरिन्छ । राजधानीमा जनसंख्या अत्याधिक भएर फोहर ढलको, पानीको समस्या छ । अरबौं लगानी गर्नुपर्ने मेलम्चीको योजना बनाइन्छ । तर गाउँ नगर जिल्लामा भने शिक्षाको लागि विश्वविद्यालय, बाँच्न खाद्यान्नको

लागि तड्पिरहेका छन् । ती अरबौं लगानीलाई चारै विकास क्षेत्रमा सन्तुलित लगानी भएको भए कम्तीमा २५ प्रतिशत जनता आफ्नो गाउँ जिल्लामा जान्थे । तब राजधानीमा यस्ता समस्या आउने थिएनन् ।

यसैगरी धनीले गरीबलाई शोषण गर्ने गरिन्छ । यसको पनि धेरै व्याख्यान गरिरहनु पर्नेछैन । शक्तिशालीले कमजोरलाई शोषण गरिन्छ । यसको प्रत्यक्ष प्रमाण हो मधेशी समस्या । मधेशीको अस्तित्वको लागि संघर्ष गरेर अधिकार पाउनासाथ तिनै मधेशीहरूले सारा तराईबासीलाई एउटै मधेशी बनाउन खोज्यो, अन्य तराईबासीको अस्तित्व मेटाउँदै । यसको लागि धेरै आवाज उठाउनु पऱ्यो भने थारूहरूले ४ जनालाई शहीद बनाउनुपऱ्यो ।

**४) अनार्य (किराती वा जनजाती) माथि आर्यको शोषण :**

जनसंख्याको हिसाबले आर्यहरू ३० प्रतिशत जति होलान् । तर आर्यहरू देशको हर्ताकर्ता मालिक भएका छन् । किरातीहरू त नोकरको अवस्थामा छन् । साहित्य पत्रिका टि.भि.मा पनि आर्य संस्कृतिअनुसार आइसियोस् गइसियोस् वाक्यहरू नै प्रयोग हुन्छ । नेवारी जस्तो समृद्ध संस्कृतिको झलक पनि सिनेमा वा नाटकमा प्रस्तुत गरिंदैन । अपमानित ढंगले मात्र नेवारी भाषामा "ए बेइमान", विभिन्न तराई वा पहाडी भाषामा हास्यव्यंगात्मक शैलीमा प्रस्तुत गरिन्छ । दोहोरी गीत वा नाचमा मात्र किराती पोशाकको प्रयोग हुन्छ ।

**५) बौद्धमाथि हिन्दूको शोषण :**

अनिश्वरवादी अनात्मवादी भनी चिनिने बुद्धलाई ईश्वरको नवौं अवतार बनाए हिन्दूहरूले । तर पनि आफ्ना नवौं अवतारको ज्ञान लिन चाहँदैन । अझ नास्तिक भनेर रामायणमा चोरजस्तै सजाय दिनुपर्ने आदेश दिएको छ । रेडियो टिभिमा बौद्धगीतहरू स्वतन्त्ररूपले प्रचार गरिंदैन । अगाडि पछाडी हिन्दू भजन राखेर हिन्दूको शाखा हो भन्ने भ्रम फैलाइन्छ । NTV को लोगोमा पशुपतिभित्र स्वयम्भूको चित्र कोरिन्छ, बौद्धहरू हिन्दूको अधिनमा छन् भनी देखाउन । टिभि समाचारपत्रहरूमा जति हिन्दूको समाचार दर्शनशिक्षाहरू प्रचारित हुन्छन् त्यति बौद्ध विषयकहरू प्रचार गरिंदैन, बौद्धलाई सौताको छोरा बनाउँदै । जुन बुद्धको कारणले बुद्धजन्मभूमि भनी देशको अस्तित्व रक्षा भएको छ त्यही बुद्धको शिक्षा पाठ्यक्रममा कमै पाइन्छन्, हिन्दूशिक्षाको तुलनामा ।

यी सबै शोषणलाई ध्यान दिएमा यसका मुलकारण भने ब्राह्मण नै देखापर्छ । यसैले पनि ब्राह्मणबाट सृजित यस शोषणलाई ब्राह्मणवाद भनिन्छ । अब यो बाहुनमा मात्र सीमित छैन । जसले जहाँ, जस्तो मौका पायो जुनसुकै जात, स्थान होस् फाइदा उठाइहाल्छन् । यसैले यस्ता शोषण कुनै एक जाति वा स्थान वा समयमा सीमित नभएको सन्दर्भमा यिनै परम्परागत शोषणलाई समाधान गर्न सकिएमा मात्र नयाँ संविधान परिशुद्ध र जनचाहनाअनुरूप हुनसक्नेछ । अन्यथा उही पुरानो बाहुनवाद, पहाडीवाद, हिन्दूवादले नै निरन्तरता पाएमा देश लोतान्त्रिक न्यायिक र चौतर्फि विकासमूलक हुन सक्दैन ।

त्यसैले संविधानविद्सहित सारा जनताले यी शोषणलाई निर्मूल गर्ने प्रतिवद्धता जाहिर गर्न आवश्यक छ । नभए हिजो बाहुनले शोषण गरेको थियो आज शुद्रको पालो, हिजो पहाडियाले शोषण गरेको थियो आज मधेसीको पालो, हिजो आर्यले शोषण गरेको थियो आज किरातीको पालो, हिजो हिन्दूले शोषण गरेको थियो आज बौद्धको पालो भन्ने सोचाईलाई टेवा पुग्ने गरी संविधान बन्न गएमा आन्दोलनका शहीदका सपना पुरा हुन त परै जावस् हामी बाँचेकाहरूले पनि सुखको शास फेर्न पाइनेछैन । किनकि जनताले विरोध गर्न सिकिसकेका छन् माओवादीबाट । साथै प्यां नरूएसम्म बच्चाले पनि दूध खान पाउँदैन भन्ने उखान त छँदैछ । यसमा पनि महिलाले अधिकार पाइसकेको छ । तराइवासी पनि अधिकार पाइसकेका छन् । संघीयताले क्षेत्रीय अधिकार पनि पाउने भएको छ । अब बाँकी छ किराती (जनजाती) र बौद्धको । अधिकार नपाए यिनीहरूले विरोध गर्नु परेमा आजसम्म भएका विरोधभन्दा डरलाग्दो हुनेछ । यसैले यस विषयमा हामी जनता र हाम्रो देश भन्ने सार्वजनिक भावनाले ओतप्रोत हुन देशवासीमा स्वयम्भूको आँखा खोल्न आवश्यक छ ।

बनोस् संविधान शोषणरहित !<br>
होस् जनता लोकतान्त्रिक !!

# भिक्षु धर्मानन्द महास्थविर बित्नुभयो

✍ कोण्डन्य

नेपालमा स्थविरवाद बुद्धधर्मको पुनर्जागरणको गोधुलीमा कान्तिपुरवासी नातिकाजी श्रेष्ठ अर्थात् महाप्रज्ञाको प्रभाव निकै सार्थक रहेको कुरा विगत इतिहासले सिद्ध गर्दछ । यसरी नै भारतमा रहेर बुद्धधर्मको गतिविधिलाई मूर्तरूप दिन त्यतिबेलबेला धर्मादित्य धर्माचार्यले जुन तरहले योगदान पुऱ्याएका थिए, त्यसलाई पनि बिर्सन सकिन्न । यस्तै प्रभावले कान्तिपुरमा कर्मशील अर्थात् भिक्षु प्रज्ञानन्दको आगमनलाई निम्त्याइयो । यसपछि कान्तिपुरबाटै प्रव्रजित हुनेहरूमा भिक्षु बुद्धघोष पनि देखियो । उहाँहरूबाटै प्रभावित भएर प्रव्रजित जीवन यापन गर्ने एक कान्तिपुरवासी हुनुहुन्छ- श्रद्धेय भिक्षु धर्मानन्द महास्थविर ।

काठमाडौंको महाबौद्ध-भोसिको टोल निवासी माता कृष्णमाया स्थापित र पिता अष्टमुनि स्थापितको कोखबाट बि.सं. १९७८ पौष १ गते पूर्णिमाका दिन पुण्यराज स्थापितको जन्म भएको थियो । मध्यम वर्गीय सिकर्मी परिवारमा जन्मेका पुण्यराज वर्तमान नेपालका संघनायक भिक्षु बुद्धघोषबाट प्रभावित भएर बुद्धशासनमा श्रामणेर प्रव्रज्या हुने सोच २९ वर्षको उमेरमा निर्णय गर्नुभयो । २००७ सालमा नेपालमा राजनैतिक परिवर्तनका लागि ठूलो लहर छाइरहेको त्यो अवस्था, जति बेला पुण्यराज बुद्धशासनमैं आजीवन प्रव्रजित हुने जमर्को गर्दै भगवान् बुद्धले प्रथम धर्मचक्रप्रवर्तन गरी पञ्च भद्रवर्गीयहरूलाई प्रव्रज्यादीक्षा प्रदान गरेको स्थल ऋषिपतन मृगदावन, बनारसमा पुगे । २००७ सालकै कार्तिक १५ गते सारनाथस्थित बर्मा विहारको सीमागृहमा सयादो ऊ. कितिमा महास्थविरको उपाध्यायत्वमा श्रामणेर प्रव्रजित भए । प्रव्रजित पछि पुण्यराजलाई नयाँनाम श्रामणेर धर्मानन्द भनी नामाकरण गरियो । प्रव्रजित भैसकेपछि उहाँले धर्मको अध्ययन गर्नुभयो र केही समयपछि नेपालमा फर्की भिक्षु बुद्धघोषको अनुशासनमा सुमङ्गल विहारमा बस्नुभयो ।


भिक्षु धर्मानन्द महास्थविर

श्रामणेर प्रव्रज्याको चार वर्षपछि अर्थात् बि.सं. २०१३ कार्तिक १० का दिन बनारसमैं बर्मा विहारको सीमागृहमा सयादो ऊ. कितिमाको आचार्यत्व एवं सयादो ऊ. नन्दिय महास्थविरको उपाध्यायत्वमा उपसम्पदादीक्षा प्राप्त गरी पूर्णरूपमा भिक्षु हुनुभयो ।

यसपछि बढी सुमङ्गल विहारमा बस्नुहुने उहाँ भन्तेले बि.सं. २०१८ मा धुलिखेलस्थित शिखलापुर विहारको निर्माण गर्नुभयो । विभिन्न बाधाअड्चन तगारालाई पन्छाई उहाँले करिब २ रोपनी जग्गा विहारकै नाउँमा जग्गाधनी प्रमाणपत्रको पूर्जा बनाउनुभएको छ । प्राकृतिक रमणीयताले भरीपूर्ण अरण्यक जङ्गलजस्तो लाग्ने सो विहारको कुटीमा बस्नुहुने उहाँ भन्ते हेर्दै अरण्यक भिक्षुजस्तो जो कोहीलाई पनि अनुभूत हुन्थ्यो । वृद्धावस्थामा पनि एक्लै बस्नुहुने उहाँ शहरतिर विभिन्न कार्यक्रमहरूमा पाल्नुहुन्थ्यो । उहाँको बुद्धशासनिक योगदानलाई कदर गरी २०६४ भाद्र त्रयोदशीका दिन यशोधरा महाविहार असहाय सेवासमितिले तथा २०६४ मंसिर १३ गते धर्मविजय पदनमले अभिनन्दन गरेको थियो । यसरी नै २०६४ चैत्र ८ गते स्वयम्भू ज्ञानमाला भजन खलःले ज्ञानमाला रत्नवत सिरपाः २५५२ प्रदान गरी सम्मानित गरिएको थियो । विगत केही वर्षअगाडिदेखि विरामीले समयसमयमा थला पर्दा उहाँले आफ्नो विहारको भविष्य कसरी अगाडि बढ्ने हो कुरामा चिन्ता जो कसैलाई बताउने गर्नुहुन्थ्यो ।

८८ वर्ष कटेलगत्तै उहाँलाई रोगले च्याप्यो, धुलिखेल हस्पिटलमा भर्ना गरियो, धेरैदिन नवित्दै वि.सं. २०६६ पुष ११ गते विहानीपख उहाँको देहअवसान भयो । १२ गते भिक्षुसंघ, श्रामणेर, अनागारिका, उपासक तथा उपासिकाहरूको सहभागितामा दिवंगत भिक्षु धर्मानन्द महास्थविरद्वारा संस्थापित शिखलापुर विहारपरिसरभित्रै उनको ईच्छामुताविक भन्दै धार्मिक विधिपूर्वक दाहसंस्कार कर्म सम्पन्न गरियो । सोही परिसरमा दिवंगत महास्थविर भन्तेको जन्मदाता आमाको पनि दाहसंस्कार गरिएको थियो । दिवंगत महास्थविर भन्तेको पुण्यस्मृतिमा सप्ताहव्यापी रूपमा परित्राण पाठआदि पुण्यकर्म गर्न विभिन्न विहारहरूबाट भिक्षुहरू पालैपालो सोही विहारमा बासबस्न जानुभएको थियो ।

भिक्षु अमृतानन्द महास्थविरद्वारा संस्थापित

(स.द.नं. १/०३१ प्र.जि.अ.का.का.)

(जिल्ला प्रशासन कार्यालय काठमाडौंको मिति २०६६/५/१ को निर्णयले संशोधित विधान)

## आनन्द कुटी विहारको उद्देश्य र नियमावली

cfgGbs'6L ljxf/

स्वयम्भू, काठमाण्डौ, नेपाल ।

बु.सं २५२० बि.सं. २०३४ ई.सं. १९७७

नमो तस्स सम्मासम्बुद्धस्स

# आनन्द कुटी विहार संस्थाको विधान प्रवन्ध-पत्र

**१) प्रस्तावना** :-

तात्कालीन सरकारको राष्ट्रिय शिक्षा समितिले मिति २०२९/५/२० मा आनन्दकुटी विद्यापीठका संस्थापक भिक्षु अमृतानन्दलाई पठाएको पत्रानुसार २०२९/५/२५/७ मा आनन्दकुटी विद्यापीठको संचालक समितिको बैठकले निर्णय गरेअनुसार आनन्दकुटी विहारका नाउँमा खाता खोली एकमुष्ट रकम छुट्याई अनुदान दिएको हुँदा सो रकमबाट हुनुपर्ने लक्ष्य पुरा गराउनको अभिप्रायबाट भिक्षु अमृतानन्द महास्थविर द्वारा आनन्दकुटी विहार संस्था गठन गरिएको हो ।

यस आनन्दकुटी विहारको नाउँमा हाल भएको पुँजि र भविष्यमा धर्मनिष्ठा तथा धर्मप्रेमी सज्जनहरूबाट आर्थिक सहायता प्राप्त हुनसक्ने छ भन्ने आशामा हाल भएको रकम समेत विहार कोषमा राखी त्यसलाई संचालन गर्ने एक संचालक समितिको पनि गठन गरी, मूल धन नमासिने गरी त्यसबाट आयस्ता हुने रकमबाट मात्र आनन्दकुटी विहारको चिरस्थायी संरक्षण गराउने र बुद्धधर्मको ज्ञान र दर्शनलाई संवर्धन, अन्वेषण तथा प्रचार गर्ने अभिप्रायबाट यो विहार प्रबन्ध–पत्र तयार गरिएको हो । यसमा लेखिएको विपरीत काम कसैबाट भएमा मान्य हुने छैन र सो विपरीत काम गर्नेलाई प्रतिवाय समेत लागि नोक्सानी गरेमा भर्ना दिनुपर्ने छ भनी यस पत्रबाट घोषणा गरिएको छ ।

### परिच्छेद २ :- उद्देश्य

क) आनन्द कुटी विहारको चिरस्थायी संरक्षण मर्मत-सम्भार र विकास तथा त्यसमा बस्ने स्थविर परम्पराका भिक्षु संघलाई चतुप्रत्ययद्वारा उपस्थान गर्ने ।

ख) बुद्धधर्मको पुस्तकहरू प्रकाशन, प्रचार प्रसार गर्ने, बुद्धधर्मको शिक्षा दिने तथा बुद्धधर्मसम्बन्धी अन्वेषण गर्ने, विद्वानलाई सक्दो स्कलरशीप प्रदान गर्ने ।

## परिच्छेद ३ :- विहार

१) आनन्द कुटी विहारका लागि तल लेखिए बमोजिम कोष रहेको छ ।

क) आनन्दकुटी विहारको कोषमा राखिएको नगद रकम ।

ख) यो विहारको स्थापनापछि यस कोषका निमित्त प्राप्त हुनआएको चल अचल नगदी जिन्सी सम्पत्ति ।

२) विहारको कायमी र पछि थपिएमा सो थपिएको समेत देखिने गरी कोषको चल अचल सम्पत्तिको पुँजिगत लगत खाता संचालक समितिबाट तयार गरिनेछ र समितिकै जिम्मा रहनेछ ।

३) विहार कोषको खातामा चढेको चल अचल सम्पत्ति ह्रास हुने गरी कुनै हालतमा पनि खर्चिने छैन र त्यसको व्याज मुनाफा वा आयस्ताबाट मात्र यस विधान प्रबन्ध-पत्रको उद्देश्य पूर्ति गरिने छ साथै संस्था दर्ता हुनुभन्दा पहिले विहारको नाममा कायम भएको जग्गा खरीद बिक्री समेत गर्न पाउने छ ।

तर पछि थपिने चल अचल जिन्सीलाई नगदीमा परिणत गर्ने वा पुँजि बढाउने वा स्थाई राख्ने विचारबाट लगानी गर्ने वा कुनै अचल सम्पत्ति जोड्ने समेत मूल पुँजिमा प्रतिकूल असर नपर्ने गरी फाइदाजन्य जुनसुकै काम गर्न संचालक समितिलाई अधिकार हुनेछ ।

४) विहारको आयस्ता, ब्याज वा मुनाफाबाट आएको रकम यस प्रवन्ध–पत्रको उद्देश्यमा उल्लेखित कुन कुन काममा कति कति र कहिले खर्च गर्ने भन्ने कुराको निर्णय संचालक समितिबाट हुनेछ ।

५) विहारकोषको चल अचल सम्पत्ति हिफाजत गर्ने र आम्दानी खर्चको हिसाब बनाई राख्ने तथा आम्दामी खर्चको वार्षिक प्रतिवेदन समितिको साधारण सभामा पेश गर्ने कर्तव्य संचालक समितिका सचिवको हुनेछ ।

## परिच्छेद ४ :- लेखापरीक्षण

१) विहारको आम्दानी र खर्चको लेखापरीक्षण संचालक समितिद्वारा नियुक्त लेखापरीक्षकले गर्नेछ । त्यसरी लेखापरीक्षक नियुक्त गर्दा समितिले आवश्यक सम्झेमा नेपाल सरकारको महालेखा परीक्षकबाट लेखापरीक्षक खटाई माग्न प्रयत्न गर्न हुन्छ ।

२) लेखापरीक्षण गर्ने व्यक्तिको पारिश्रमिक महालेखा परीक्षकबाट खटाएमा महालेखा परीक्षकबाट सो खटाउँदा तोकिएको बमोजिम र सो नभएमा संचालक समितिले तोकिदिए बमोजिम हुनेछ ।

३) लेखापरीक्षकले मागेका कागज पत्रहरू उपलब्ध गराइदिने कर्तव्य सचिवसहित संचालक समितिको हुनेछ ।

## परिच्छेद ५ :- हिनामिनामा दायित्व

१) विहारको सम्पत्ति हिनामिना भएमा वा लापर्वाहीबाट नोक्सान भएमा सर्वप्रथम सचिव जवाफदेही हुनुपर्छ । तर संचालक समिति सामूहिक उत्तरदायित्वबाट फुर्सद पाउने छैन ।

२) विहारको सम्पत्ति कसैले मासेमा वा व्यक्तिगत काममा लगाएमा सो गर्ने गराउने सम्बन्धित व्यक्तिले आफ्नो जायजेथाबाट भरना हाल्नु पर्नेछ ।

३) यस संस्थाको प्रबन्ध-पत्रको उद्देश्य विपरीत कुनै काममा कोषको सम्पत्ति लगाउन पाइने छैन, लगाएमा सो लगाउनेले आफ्नो जायजेथाबाट भर्ना हाल्नु पर्नेछ ।

४) यसमा लेखिएबमोजिम दायित्व बेहोर्नु पर्ने व्यक्तिले रकम भर्नागर्दा वार्षिक शयकडा १० व्याज समेत बुझाउनु पर्नेछ ।

## परिच्छेद ६ :- संचालक समिति

१) आनन्दकुटी विहार संचालन गर्नको निमित्त एक संचालक समिति रहने छ जसमा तेह्र (१३) सदस्य रहनेछन् । यसमध्ये आनन्द कुटी विहारवासी भिक्षुहरू मध्ये तीन (३) जना भिक्षुहरू अनिवार्य रूपमा रहनेछन् ।

२) संचालक समितिका सदस्यहरूको पदावधि (५) वर्षको हुनेछ । तर निम्न लिखित ब्यक्तिहरू आजीवन सदस्य नियुक्त गरिएको छ ।

तथापि जुनसुकै सदस्यले राजिनामा दिई आफ्नो पद त्याग्न सक्नेछ ।

क) श्री श्रद्धेय अनिरूद्ध महास्थविर, आनन्दकुटी
ख) श्री आयुष्मान् अश्वघोष
ग) श्री आयुष्मान् कुमारकाश्यप
घ) श्री तीर्थनारायण मानन्धर, कमलछी असन
ङ) श्री न्हुच्छेबहादुर वज्राचार्य, किम्डोल
च) श्री रत्नबहादुर वज्राचार्य, त्यौड
छ) श्री पूर्णकाजी तुलाधर, असन भोटाहिटी
ज) श्री भाईकाजी रञ्जितकार, मजिपाट
झ) श्री भक्तिलाल श्रेष्ठ, थापाथली

३) कुनै आजीवन संचालक सदस्यको मृत्यु भई वा निजले राजिनामा दिई पद रिक्त हुन आयो भने सो रिक्त पदको स्थान पूर्ति गर्नको लागि संस्थाका आजीवन सदस्य र साधारण सदस्यहरूको बैठक बस्नेछ र निजहरूका बहुमतको निर्णयबाट छानिएको व्यक्ति संचालक समितिको सदस्य हुनेछ । तर नाम प्रस्तुत गरिएको ब्यक्तिको लिखित स्वीकृति बेगर सो नाममा विचार गरिने छैन ।

४) आनन्द कुटी विहार छउञ्जेलसम्म त्यहाँ बस्ने नेवासिक भिक्षुहरू यस संस्थाका आजीवन सदस्य हुनेछन् । गृहस्थ उपासक उपासिका, दाताहरू यस संस्थाको सदस्य बन्न चाहेमा वार्षिक रू. १० /- दश रूपैंया शुल्क तिरी साधारण सदस्य र रू. ३०३/- तीनसय तीन रूपैया चन्दा दिएमा आजीवन सदस्य बन्न सक्नेछ । वर्षको जुनसुकै महिनामा पनि शुल्क तिरी साधारण सदस्य हुन सक्नेछ । त्यस्ता सदस्यको प्रत्येक वर्षको आश्विन महिनाको मसान्तमा सदस्यता समाप्त हुनेछ ।

५) संचालक समितिको अध्यक्ष, उपाध्यक्ष र सचिव पदमा आफूमध्येबाट समितिले बहुमतको निर्णयद्वारा निर्वाचित गर्नेछ र निजहरूको पदावधि पाँच (५) वर्षको हुनेछ तर सो व्यक्ति संचालक समितिको सदस्य कायम नरहेमा उक्त पद पनि स्वतः रिक्त भएको मानिनेछ ।

६) कुनै पदाधिकारीले वा सदस्यले बीचमा राजिनामा दिएमा निजको बाँकी अवधिको लागि निर्वाचन हुनेछ ।

७) उपदफा (५) बमोजिम पदावधि समाप्त भएको व्यक्ति पुनः निर्वाचनको लागि ग्राह्य हुनसक्छ ।

८) यस आनन्द कुटी विहार संस्थाको आन्तरिक कामको लागि संचालक समितिले नियमहरू बनाउनेछ सो नियम समय समयमा आवश्यक्तानुसार संशोधन हुनसक्छ ।

९) यस विधान प्रवन्ध-पत्रलाई आवश्यक पर्ने अवस्थामा संचालक समितिको बैठकले बहुमतबाट बाहेक संशोधन गर्नसक्ने छैन ।

## परिच्छेद ७ :- गणपूरक संख्या

कार्य संचालक समितिको काम काजमा सात (७) जना सम्म सदस्यहरूको उपस्थिति पर्याप्त हुनेछ र बहुमतको निर्णय मान्य हुनेछ ।

## परिच्छेद ८ :- अवच्छिन्न उत्तराधिकार

यो "आनन्द कुटी विहार संस्था संचालक समिति" कारणबस स्वतः विघटन भयो वा पथभ्रस्ट भयो भने

आनन्द कुटी विहारका भिक्षुहरू संस्थाका आजीवन तथा साधारण सदस्यहरू, आनन्द कुटी विहारका दाताहरू तथा स्थविर परम्पराका भिक्षुहरूले यस प्रवन्ध-पत्र बमोजिम पुनः व्यवस्था मिलाउन सक्नेछन् ।

### परिच्छेद ९ :- नाम

१) यस लिखतको नाम "आनन्द कुटी विहार विधान प्रबन्ध-पत्र" भन्ने हुने छ ।

२) यस संस्थाको नाम 'आनन्दकुटी विहार' भनी राखिएको छ ।

### परिच्छेद १० :- परिभाषा

यो विधान प्रवन्ध–पत्रमा :–

क) संचालक समिति भन्नाले यस संस्थाका संचालक समिति सम्झनुपर्छ ।

ख) सदस्य भन्नाले यस संस्थाको सदस्य भनिएको सम्झनुपर्छ ।

ग) आनन्द कुटी भन्नाले आनन्द कुटी विहार भनिएको भनी सम्झनुपर्छ ।

घ) संस्था भन्नाले आनन्दकुटी विहार सम्झनुपर्छ ।

"चिरं तिट्ठतु सद्धम्मो"

उपरोक्त सम्बन्धमा मिति २०६६/३/१५ को आनन्द कुटी विहार गुठीको विशेष साधारण सभाबाट विधान संशोधन गर्ने निर्णय भएअनुसार जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०६६/५/१ को निर्णयले संशोधित विधान स्वीकृत गरेको हो । सो संशोधित प्रबन्ध–पत्रलाई तल हस्ताक्षर गर्ने ब्यक्तिहरू उपस्थित भएको बैठकले मिति २०६६/४/१० मा स्वीकार गरी पारित गरेको हो ।

१) भिक्षु कुमार काश्यप महास्थविर
२) भिक्षु मैत्री महास्थविर
३) भिक्षु धर्ममूर्ति महास्थविर
४) भिक्षु प्रज्ञारत्न
५) भिक्षु कोण्डन्य स्थविर
६) भिक्षु सरणंकर
७) भिक्षु पियदस्सी
८) श्री प्रा. सुवर्ण शाक्य
९) श्री संघरत्न शाक्य
१०) श्री ईश्वरमान सिं
११) श्री ज्ञानकाजी शाक्य
१२) श्री जुजुभाई तुलाधर

## जरुरी सूचना

**आनन्द कुटी विहार गुठीको विधान संशोधनपछि आनन्द कुटी विहार संस्थामा परिणत भएको जानकारी गराउँदै सम्बन्धित सम्पूर्ण आजीवन सदस्यहरूलाई निम्न देहायबमोजिम हुने विशेष साधारण सभामा उपस्थित हुन हार्दिक अनुरोध गरिन्छ ।**

**दिन - २०६६ माघ ८ गते शुक्रवार**

**समय - दिउँसो १:०० बजे ।**

अध्यक्ष - भिक्षु मैत्री महास्थविर
सचिव - भिक्षु धर्ममूर्ति महास्थविर

**आनन्द कुटी विहार संस्था संचालक समिति**
स्वयम्भू, काठमाडौं ।
फोन : ४२७१४२०, पोष्ट बाक्स नं. ३००७ ।
Email- anandakutivihar@ntc.net.np

# सत्यको मुहार



✍ डा. गणेश माली



सत्य छ एउटा, देखिन्छ अर्कै
भनिन्छ अर्कै, सुनिन्छ अर्कै
अनि शंका गरिन्छ अर्कै ।
नचिनिने गरी ढाकिएकोछ मुहार सत्यको,
माया मोह ममता रीसरागको धुलोले
ईर्ष्या, द्वेष, दम्भ लोभको धुलोले,
वक्रदृष्टि, मिथ्या विश्वासको धुलोले ।।१।।

त्यसैले त होला जब देख्दछु यहाँ
कि सत्य धर्मतिरभन्दा पनि
आम जनताको आकर्षण
धनतिर भारी भएछ,
कि दुनियाँका टाठाबाठाहरूले आडलिई असत्यको
तप्केर पुगी माथि चैनसँग बसिरहेछन्,
कि सोझा सीधा सत्यभीरूहरूको मुखमा
घोचो पछि घोचो परिरहेछ,
तब प्रश्न उठ्छ मनमा "सत्यं वद धर्मं चर" भनी
संततीहरूलाई दिएको अर्ति
कतै खेर त गएन ? ।।२।।

तर जब देख्दछु ऋण र गरीबिमा डुबिरहेको देश,
अनि दुःखले तड्पिरहेका जन साधारणहरू
जनताको कंकालमाथि नाचिरहेका
दुष्ट कुटिल फटाहाहरू,
तब लाग्छ हुन् यी सब परिणाम,
दुर्बलता र अक्षमता
सत्यका अनुयायी रक्षकहरूको ।।३।।

बुद्ध उदाए यहाँ फैलाउन सत्य सन्देश
सत्य बलले विश्वभरीमा,
मन जिती पथ भ्रष्टहरूको
लगाउन कुशल सम्यक् मार्गमा,
उदाए मार्क्स यूरोपमा
पुँजिपतिहरूको कठोर हृदय
दुःखी श्रमिकहरूको आर्तनादले
नपग्लिने देखी हतियार उठाई
श्रमिकहरूको राज चलाउन ।।४।।



लाग्दछ पर्खिरहेछ दुःखी जनता यहाँ
कि कहिल्यै आउन् यस्ता दिनहरू ......
कुनै महान मानवको सवल नेतृत्वमा
पखालियुन् सत्यको मुहारबाट
धुलो मैलो फोहर छन् सबै जे जति,
फैलियोस् जनहृदय माझमा किरण सत्यको,
पग्लियोस् दुष्टहरूको कठोर हृदय पनि
अनि बनोस् भूस्वर्गसरी देश हाम्रो ।।५।।

☸

# गलत शिक्षा, गलत संस्कृति र धर्ममय जीवनको अभावमा देश विकास असम्भव



✍ शिशिल चित्रकार

देश विकासको लागि सवल सक्षम, दक्ष जनशक्तिको आवश्यकता हुने र त्यसको लागि सही शिक्षा, सही संस्कृति र व्यक्तिहरूमा धार्मिक जीवनको अपरीहार्यता हुनुमा कसैको दुईमत नहोला । आज विश्वको (कुनै देश अपवाद हुनसक्छ र त्यहाँ पनि विश्वको वातावरणले प्रभाव पार्ने हुन्छ होला) र नेपालको सामाजिक आर्थिक अवस्थाको विकराल अवस्थालाई विचार गर्दा व्यक्तिको धर्म वा अधर्म, समाजले दिइरहेको शिक्षा, संस्कृति नै देशको भयावह अवस्थाको कारकतत्व मान्ने कि नमान्ने ? कुनैपनि कारण विना परिणाम आउँदैन भने आज विश्व र देशको विकराल अवस्थाको कारकतत्व व्यक्तिको कार्यको परिणाम हो भनी मान्न केही सोच्न बाध्य हुन नपर्ने हो । देशको गलत शिक्षा, संस्कृतिमाथि व्यक्तिको अधर्मको बाहुल्यतामा देश-समाजको विकराल अवस्थाबाहेक अरू कल्पना गर्नु पनि व्यर्थ नै हुनजान्छ । आज देश समाजको अवस्थालाई विकासतर्फ लानु छ भने शिक्षामा सुधार, संस्कृतिमा परिवर्तन र व्यक्तिको अधर्ममयबाट धर्ममयकार्यको खाँचो छ । केही महिनाअघि अमेरिकी राष्ट्रपतिले भन्नुभएको थियो २१ औं शताब्दीको समस्या कुनै राष्ट्रले मात्र समाधान गर्न सकिंदैन । यो वाक्य आफैमा निकै गहन छ र एक देशको समस्या अरू देशको समस्या होइन भनी चुपलाग्ने अवस्था पनि छैन तर विश्वमा देखा परेका समस्याहरूको पहाडलाई एक देशले मात्र समाधान गर्न नसकिने यथार्थता पनि झल्काउँछ । आज के गरीवी के धनी मुलुक सबैलाई विभिन्न समस्याहरूले जकडिएको नै छ । आज संसारको समस्याहरूलाई कुनै धनको बलले मात्र समस्या समाधान गर्न नसकिने पनि यथार्थ हो । संसारका व्यक्तिहरूको धर्ममय जीवनको अभावमा समस्याहरू थपिंदै जानेसिवाय समाधानको नाममा देखावटी कार्यमात्र हुन् र त्यसले अरू समस्याहरू क्रमशः निम्त्याउने देखिन्छ । यसरी कार्यकारणको सिद्धान्तबमोजिम नै गलत शिक्षा, गलत संस्कृति र धर्ममय जीवनको अभावमा विश्व, देशको भयावह अवस्था भएकोमा केको आश्चर्य हुन्छ ?

भगवान् गौतम बुद्धले प्रतीत्यसमुत्पाद सिद्धान्तको क्रममा बताउनुभयो-

इमस्मिं सति इदं होति- यो कारण हेतुधर्म रहेमा यो फल कार्यधर्म रहन्छ ।

इमस्सुपादा इदं उप्पज्जतियो- कारण हेतुधर्मको उत्पत्तिको कारणले यो कार्य फलधर्म उत्पन्न हुन्छ ।

इमस्मिं असति इदं न होति- यो कारण हेतुधर्म नरहेमा यो कार्य फल धर्म रहन्न ।

इमस्स निरोधा इदं निरूज्झति- यो कारण हेतुधर्मको निरोधको कारणले यो कार्य फलधर्म निरोध हुन्छ ।

आज देश समाजको विकराल अवस्था गलत शिक्षा, गलत संस्कृति र धर्ममय जीवनको अभावले भएको हो भने यसको निराकरणको लागि सही शिक्षा, सही संस्कृति र धर्ममय जीवनको आवश्यकता छ ।

घरपरिवारमा गर्ने कार्यको स्तरको मापदण्डको औचित्यता छैन । अर्को अर्थमा भन्नुपर्दा घरको सामान्य कामकाज गर्न व्यक्तिहरूमा आलश्यपन हुन्छ तर साथीभाई, बाहिरीकार्यमा व्यस्तता हुनु शान र इज्जत ठान्छ । घरको सरसफाई, मर्मतलगायत साधारण कार्य समेत नगर्ने गृहस्थीहरूको जमात हुन्, कार्यालय संघसंस्थामा दैनिकी कार्यमा रूची नदेखाई, विभिन्न खरीद निर्माण वा प्रोजेक्टजन्य कार्यमा मात्र ध्यान पुऱ्याउने कर्मचारी प्रशासन (सबै होइन तर यसको नकारात्मक असर अरूलाई र अन्य क्षेत्रमा समेत पर्ने अस्वाभाविक होइन) तथा यस्तै माहौलमा चल्ने राजनीति नै आजको हाम्रो देश समाजको परिचय होइन र ?

संयोगले यो लेख पूर्णभएको थिएन एउटा कार्यक्रममा सहभागी हुन पाइयो । विषयवस्तु थियो बर्ड फ्लु रोगसम्बन्धी प्रस्तुतीकरण, विभिन्न निकायहरूको भूमिका आदि । यो कार्यक्रममा जानकारी पाएअनुरूप विश्वमा अरबौं रूपिया यो रोगको रोगथामको लागि खर्च भइसकेको छ । हाल विश्वमा केही मानवमात्र यसबाट संक्रमित र मृत्युको शिकार भएपनि लाखौंको संख्यामा कुखुराहरू मारिसकेको (रोग लागेकाहरूको संक्रमित हुनबाट जोगाउन) थाहा भयो । योभन्दा खतराजनक कुरा त यदि यो महामारीको रूपमा फैलियो भने लाखौं मानवको ज्यान लिनसक्ने र हाल यसको भाइरसको शक्ति विगतको तुलनमा बढ्दैएको समेत जानकारी भयो । यस्तै विश्व स्वास्थ्य संगठनलगायत अन्य संस्थाहरूको अध्ययनको आधारमा प्रत्येक ३०-४० वर्षमा यस्तो महामारी फैलिने गरेकोमा हाल ३५ वर्षदेखि यस्तो नभएकोले अब कुनैपनि बखतमा यस्तो हुनसक्ने अध्ययन निश्कर्ष समेत थाहा भयो भने त्यो कार्यक्रमको मुख्य उद्देश्य यो रोगको जानकारी सर्वसाधारणलाई दिनु, विभिन्न निकायहरूको सहयोगबाट रोगको रोकथामको

कार्यक्रममा सहयोग लिनु हो । यो रोग घुमन्ते चराहरूबाट पनि सर्न सकिने, मासुजन्य पदार्थको ओसारपसार र रोग लागेको कुखुरा भेटेको ठाउँको तीन कि.मी. संक्रमित क्षेत्र तथा देश र अन्तराष्ट्रियस्तरबाटै रोकथाममा लाग्नुपर्ने भएकोले खर्चिलो र अन्तराष्ट्रिय खतरा र चुनौति समेत भएको जानकारी प्राप्त भयो । लेखको सन्दर्भमा यो कार्यक्रमको जानकारी अनौठो लाग्नसक्छ तर पशुपंछीजन्य उत्पादनको ओसारपसारमा कुनै सावधानी भएन वा एक जनाको गल्ति ( जानी वा नजानी वा लोभको कारणले) ठूलो क्षेत्र, विश्व र कयौं मानवीय जीवनको सवालमा प्रश्नचिन्ह खडा गर्न सक्दछ । यो चर्चा गर्नुको अर्थ पनि हो एक व्यक्ति वा प्रत्येक व्यक्तिको धर्म वा अधर्म कृयाकलाप नै देश समाजको परिणाम हुन् भनी देखाउनु । हरेक कार्य चाहे घर, कार्यालय वा राजनीति नै किन नहोस् स्तरीय, धर्ममय वा कुशल कर्मविना देश समाजको विकास नहुने यथार्थ हो ।

बुद्धधर्मअनुसार त सम्यक् आजीविका (सम्मा आजीव) अनुसार त पशुपंछीको व्यापार व्यवशाय नै गर्नु हुँदैन भन्ने भावनालाई एकातिर बिर्सेर भएपनि यदि यो रोग लागेमा सर्व प्रथप यो व्यवशायीमा लागेका ठूलो रकम त बर्वाद हुने नै भयो भने मानव जीवनको ठूलो संख्यामा असर पर्ने त देखियो नै । आज समाज देशको भयावह अवस्थालाई चर्चा गर्दा व्यक्तिको धर्ममय वा अधर्ममय कर्म नै जिम्मेवार भएको पुष्टि हुन्छ भने अब संसार, मानव जीवनको रक्षाको लागि पनि धर्ममय कर्मको अपरिहार्य छ ।

अब समाज देश र विश्वको अवस्थाबाट पार लाउन धर्म (बुद्धधर्म)ले कसरी सक्छ वा यो धर्मको गुण के हो ? माथि भनिएझैं आजको दुरावस्थाको जिम्मा व्यक्तिको अधर्म कर्म जिम्मेवार छ भने यदि व्यक्तिहरूले धर्ममय कर्म गर्‍यो भने देश समाजको अवस्था राम्रो हुनेमा शंका छैन साथै धर्मको फल पनि यही जीवनमा देख्न सकिन्छ । धर्मको गुण नै यहाँको यही नै फल दिने अर्थात् आर्य पुद्गलहरूले स्वयं साक्षात्कार गर्नसकिने भएकाले 'सन्दिट्ठिक' गुणले र समय नबित्दै फल दिने भएकाले 'अकालिक' गुणले तथा 'आऊ' र 'हेर' भनी बोलाएर देखाउनयोग्य भएकाले 'एहिपस्सिक' गुणले संयुक्त छ । आज देश समाजको भयावह अवस्थाबाट पार पाउन यही धर्म अवलम्वन गरी देश समाजको अवस्था कायापलट भएको हेर्न देखाउन समेत देशको गलत शिक्षा, संस्कृतिको साटो बुद्धशिक्षाद्वारा कार्यालय वा राजनीतिक कार्यमा स्तरीय, धर्ममय वा कुशल कर्म आजको अपरिहार्य आवश्यकता हो ।

सबैको कल्याण होस् । सबैको मंगल होस् !! सबैको भलो होस् !!!

# विगत र वर्तमान

✍ अनागारिका सुधम्मा

छैन किन यो हृदय
सुरूवातको जस्तो
खुशी थियो हाँसो अनि रमाइलो
जता हेर्‍यो उतै मुस्कान अनि सुन्दर कोपिला त्यो
तर आज त्यो निराश भयो ओइलिएको फूलजस्तो
लौ ! कता हराए ती विगत

लाग्थ्यो वातावरण सुन्दर शान्त अनि हराभर त्यो
सोच्थे हो कि विश्व कै नमुना शान्तिको सुन्दर
वाटिका त्यो
तर आज लाग्छ उजाड अनि उदास आवरण त्यो
देख्छु उद्देश्यविहीन अनि सुकेको मूलजस्तो
खै ! अहिले त्यो झलक

तर मैले भेटें खुट्टा तानी अनि बेवास्ता त्यो
साँच्चै हुन्न रहेछ सोचेजस्तो जीवन त्यो
एकदिन मर्नुपर्छ भन्ने ज्ञान नै छैन हो कि यहाँ
एकदिनको लागि पनि मोज गर्छ जहाँ

चाहेजस्तो कहाँ पाइएला अनि सोचेजस्तो
सोचेको थिएं वरपरका सबै आफ्नैजस्तो
हरतरह साथमा साथ हातमा हातदिने
फुल्ने फूललाई उघारिदिने बतासे पानीजस्तो

तर वरपरका सबै बिझाउने काँडा रहेछ
आफ्नो भन्नु मात्र यहाँ सबै दुःख रहेछ
यत्रतत्र अशान्ति र दुःख मात्र देखिन्छ कस्तो
उत्साहलाई निरूत्साहित पार्ने सल्लाघारी छ जस्तो
जीवनमा केही गर्ने इच्छा मरेर गइसकेजस्तो ।

# शीलानुस्मृति



✍ श्रा. धर्मघोष

के तपाईं शील पालन गर्नुहुन्छ ? यदि गर्नुहुन्न वा हल्का मात्र पालन गर्नुहुन्छ भने अब पूरा कोशिस गरेर शीलपालन गर्नुहोस् । शील भनेको प्राणीहिंसा नगर्ने, व्यभिचार नगर्ने, झुठो नबोल्ने र बेहोसीका कारण भएको जाँडरक्सी आदि मादकपदार्थ र लागुपदार्थ सेवन नगर्ने हो । प्रायःजसो हामीहरूलाई दान दिन सजिलो लाग्छ । त्यस्तै वर्षमा एक दुईवटा ध्यान शिविरमा भाग लिन पनि सजिलो लागिराखेको हुन्छ । तर दैनिक व्यवहारमा शीलपालन गर्ने काम धेरै गाऱ्हो परिराखेको हुन्छ । केही समयको लागि श्रद्धा बलियो भएको बेलामा वा अभिनयात्मक रूपमा शीलपालन गरिएतापनि आफ्नो वास्तविक जीवनमा शीलपालन, धेरै गाऱ्हो महशुस हुने गरेको देखिन्छ । मुख्यतः गृहस्थाश्रममा बस्नेहरूलाई व्यापार व्यवसाय गर्ने क्रममा अलिअलि झुठो त बोल्नै पऱ्यो भन्ने भावना रहेको देखिन्छ । त्यस्तै कृषि व्यवसायमा लाग्नेहरूमा पनि अलि अलि जाँड नखाई जाँगर नै चल्दैन भन्ने भावना रहेको छ । त्यस्तै हिमाली भेगमा बस्ने मानिसहरूले जाडो पचाउन मादकपदार्थको सहारा लिएको देखिन्छ ।

त्यस्तै कुनै कुनै उपासकहरू बुद्ध र बुद्धको शिक्षाप्रति पूर्णरूपमा आस्था र विश्वास भएतापनि शीललाई पालन गर्न गाऱ्हो हुने कुरा बताउँछन् । अझ कुनै त ५० वर्ष नाघिसके पछि मात्र त्यस्तो धर्ममा लाग्ने कुरा बताउँछन् । वास्तवमा बुद्धधर्म हामीले सोचेको धर्मभन्दा अलि भिन्न छ । बुद्ध दुःखबाट मुक्त हुने बाटोको खोजकर्ता हो । त्यस्तै उहाँ महाकरूणावान हुनुभएकोले हामीलाई पनि त्यो बाटोको बारेमा सम्पूर्ण जानकारी दिनुभएको छ । त्यसैले यो शिक्षा बौद्धहरूको वा नेपाल, थाइल्याण्ड, बर्मा र श्रीलंकाको मात्र नभएर सार्वभौमिक, सार्वजनिक र आदि कल्याण, मध्यकल्याण र अन्त्यमा पनि कल्याणकारी शिक्षा हो । यस्तो शिक्षाको सामिप्यताको लागि कुनै उमेर, जात, धर्मसम्प्रदाय, छालाको रङ्ग आदिमा पावन्दी रहनु हुँदैन ।

भगवान् बुद्धको पालामा एक जना उपासक भगवान् बुद्धको उपदेशबाट मनमा शान्ति भएकोले र धेरै धेरै श्रद्धा उत्पन्न भएकोले आफू प्रव्रजित हुन मन लागेको कुरा बतायो । भगवान्‌ले घरमा अनुमति माग्नुपर्ने कुरा बतायो । त्यसपछि उनले घरमा अनुमति माग्नको लागि गयो । उनको परिवार सानो थियो । आमाबुबा पहिल्यै बितिसकेका थिए । भएको एक जना दाजु बितिसकेको थियो । त्यसैले उसले आफ्नो भाउजुसँग अनुमति मागेर भगवान् बुद्धसमक्ष प्रव्रजित भई भिक्षु भयो ।

भिक्षु भइसकेपछि धेरै राम्ररी शीलपालन गर्ने गरेकोले उहाँको लाभसत्कार पनि धेरै भयो । लाभसत्कार धेरै भएकोले ध्यानमा मन नजाला भन्ने डरले उहाँ भगवान् बुद्धसँग ध्यानभावनाको बारेमा जानकारी लिएर जंगलमा ध्यान बस्न जानुभयो ।

ध्यानभावना गर्दैजाँदा, उहाँको शील बलियो भएकोले मन एकचित्त भयो । विस्तारै ध्यान श्रेणीहरू पनि चढ्दै गए भने उता घरमा भाउजुलाई फेरी देवर फर्केर आउला र फेरी अंशबन्दा गर्नुपर्ला भन्ने चिन्ताले सताउन थाल्यो । त्यसैले उनले केही बदमास डाँकाहरूलाई बोलाएर केही पैसा दिएर आफ्नो देवरलाई मार्नको लागि पठाइन् ।

डाँकाहरू पनि आफूले चाहेजस्तो नगद रकम पाउने भएपछि खुसी हुँदै त्यस भिक्षु ध्यान बसिराखेके जंगलमा छिऱ्यो । त्यहाँ त्यस भिक्षुलाई भेटेर आफूहरू उहाँलाई मार्न आएको कुरा बताए । त्यसो हुँदा पनि भिक्षुको मन अलिकति पनि कम्पित भएको थिएन । भिक्षुलाई आफूले विमुक्ति निर्वाण नपाई मर्नुपर्ला भन्ने डर मात्र थियो । त्यसपछि त्यस भिक्षुले आफूलाई ध्यानलाभ गरेपछि मार्नसक्ने तर यतिञ्जेल प्रतिक्षा गरिदिन अनुरोध गऱ्यो । त्यसो भनेर अनुरोध गर्दा डाँकाहरूले अविश्वास प्रकट गऱ्यो । त्यसपछि त्यस भिक्षुले सँगैको एउटा सानो ढुङ्गा लिएर आफ्नो घुँडामा पनि बजाऱ्यो । धेरै रगत बग्न थाल्यो । उहाँको दुवै खुट्टा लङ्गडो भयो । त्यसरी ती डाँकाहरूलाई विश्वासा दिलाएर आफूले ध्यान लाभ नगरून्जेल प्रतिक्षा गर्नको लागि विनम्र अनुरोध गऱ्यो । त्यो भिक्षुको दशा देखेर डाँकाहरूको पनि मन पग्लियो । त्यसैले उनीहरू त्यही सँगै आगो बालेर रातभरि प्रतिक्षा गरिराखे । यता भिक्षुले पनि धेरै मन लगाएर ध्यान अभ्यास गर्नुभयो । भिक्षुको खुट्टामा ठूलो चोट परेको थियो । राति चिसोले झन धेरै वेदना असह्य भयो । त्यस्तो बेलामा भिक्षुले आफू भगवान् बुद्धको शरणमा आए देखिन् आजसम्ममा कुनै शील बिगारेको छ कि भनेर विचार गरिहेर्दा उहाँको शील शुद्ध सेतो कपडाझै निर्मल रहेको कुरा थाहा पाउनुभयो । त्यसपछि उहाँलाई त्यस शीलानुस्मरणका कारणले गर्दा प्रीति उत्पन्न भयो । त्यसपछि सुख, प्रस्रब्धी वृद्धि भयो । त्यसपछि उहाँको ध्यान वृद्धि हुँदै क्रमशः श्रोतापत्ति, सकृदागामी, अनागामी र मृत्यु नजिकसम्म पुग्दा मृत्युपूर्व उहाँले निर्वाण प्राप्त गरी अरहन्त हुनुभयो । त्यसैले हामीले दानसँगसँगै शील र ध्यान पनि अभ्यास गर्नुपर्छ ।

☸

# मातापिता



✍ भिक्षु जनक

हामी आममानिसले गृहस्थ जीवन बिताइराखेका छौं । सुखको आशामा मृगतृष्णासरी हामी संसारको दौडमा सामिल भइराखेका छौं । हामीसँग थुप्रै जिम्मेवारीहरू छन्, जसलाई पूर्ति गर्न हामीलाई हम्मेहम्मे भइरहेको छ । राम्रोसँग ख्याल गर्ने हो भने हामीसँग सुखका क्षणहरू कम मात्र छन् । हामीमाझ दुःखका क्षणहरू नै धेरै हुन्छन् । तर पनि हामीले कर्तव्यनिष्ठ भई गृहस्थ जीवन बिताउन सकेको खण्डमा हामीले सुखका क्षणहरू पनि धेरै प्राप्त गर्नसक्ने हुन्छौं । आउनुहोस् भगवान् बुद्धले यस विषयमा के भन्नुहुन्छ त ? यसलाई केलाएर हेरौ ।

साँच्चै नै यदि हामीले बुद्धको उपदेश संग्रहित ग्रन्थहरू अध्ययन गर्ने हो भने उहाँ एक मनोवैज्ञानिकको रूपमा स्वीकार गर्न कर लाग्छ । उहाँको दृष्टिमा संसार भनेको एक पाठशाला हो । जहाँ विभिन्न तहका विद्यार्थीहरू अध्ययन गर्दछन् । जसरी एक कक्षामा प्रवेश गर्नुभयो भने त्यहाँ चित्र देखाई एक दुई तीन भनी सिकाइरहेको हुन्छ । ठीक त्यसरी नै दश कक्षामा प्रवेश गर्नुभयो भने त्यही शिक्षकले जटिल खालका गणितीयसूत्रहरू प्रयोग गरी हिसाब सिकाइरहेको हुन्छ । यसरी नै बुद्धले संसारमा भएका मानिसहरूलाई बुझ्नसक्ने क्षमता हेरी विभिन्न स्तरको उपदेश गर्नुहुन्थ्यो । एक समय बुद्धकहाँ एक ब्राह्मण आई प्रार्थना गरे कि "भगवान् म एक गरीब मानिस हुँ, मलाई खान लाउनका लागि नै धौ धौ छ, म पैसा कमाउन चाहन्छु मलाई पैसा कमाउने उपाय सिकाइ दिनुहोस् ।" तब बुद्धले त्यस ब्राह्मणलाई सही तरिकाले धन कमाउने उपायहरू सिकाइदिनुभयो र केही समयपछि त्यस ब्राह्मण केही समयको अन्तरालपछि धनी भए भनी ग्रन्थमा उल्लेख गरिएको छ ।

अर्को एक प्रसंग, एक समय बुद्ध वेलुव गाउँमा धर्मप्रचारको सिलसिलामा जानुहुदाँ त्यहाँका गाउँलेहरू आई यसरी प्रार्थना गरे- "भगवान हामी गृहस्थीहरू, आफ्नो परिवार पाल्नका लागि धेरै काम कर्तव्यहरूमा व्यस्त हुनुपर्दछ । हामीले विभिन्न प्रकारका जिम्मेवारी निभाउनु पर्दछ । त्यसैले तपाईको उपदेशअनुसार चल्नका लागि हामीसँग धेरै समय छैन । त्यसैले हामीलाई त्यस्तो कुरा आज्ञा हुनुहोस् कि जसले हामीलाई घरमा बस्दाबस्दै पनि पालना गर्न सकियोस् र हामी खुशी र शान्तिका साथ हामीले आफ्नो जीवन हाँसी हाँसी बिताउन सकियोस् ।" तब बुद्धले उनीहरूको मानसिकता बुझी तिनीहरूको जीवनलाई व्यवस्थित तरिकाले कसरी बिताउन सकिन्छ भन्नेजस्ता उपदेश दिनुभयो ।

अब बुद्धको उपदेशअनुसार कसरी एक सफल गृहस्थ बन्न सकिन्छ त ? यसको विषयमा चर्चा गरौं । कुनैपनि एक सफल गृहस्थ बन्न निम्न चार कुराहरू अत्यन्त महत्वपूर्ण हुन्छन् । ती हुन्- उट्ठानसम्पदा, आरक्खासम्पदा, कल्याणमित्तता र समजीविकता । .

## उट्ठानसम्पदा

उट्ठानसम्पदा भन्नाले हामीले कुनैपनि कुरा प्राप्ति गर्नका लागि गरिने मेहनत भनेर बुझ्न सकिन्छ । एक सफल गृहस्थ बन्नका लागि जागरूक र मेहनती हुनु अति आवश्यक हुन्छ । प्रकृतिसँग निकट भई बाँच्न सक्नुपर्दछ । चिसो या जाडो, गर्मी या वर्षासँग डराउनु हुँदैन । कुनैपनि काम गर्नेवित्तिकै सफल नै हुन्छ भनेर भन्न सकिन्न । असफल पनि हुन सक्छ । त्यस्तो अवस्थामा निराश नभई जबसम्म सफल हुँदैन, प्रत्येक असफल कामको पछाडि भएका कारकतत्व पहिचान गरी त्यसलाई हटाई बारबार प्रयास गर्नुपर्दछ । त्यसैले बुद्ध भन्नुहुन्छ कि हामी प्रत्येक पाईलामा स्मृतियुक्त भई हिंड्नुपर्दछ भनी सजग गराउनुभएको छ । होसियार भई हिंड्न सकेको खण्डमा असफल हुन्न । त्यसैले सफल हुन चाहने, सुखी हुन चाहने सबैले मेहनत गर्न छोड्नु हुँदैन ।

## आरक्खासम्पदा

आरक्खासम्पदा भन्नाले कमाएका धनसम्पत्ति नचाहिने ठाउँमा खेर नफाली सुरक्षित पार्नु भन्ने बुझिन्छ । हामीले कमाएका सम्पत्ति विभिन्न प्रकारका शत्रुबाट घेरिएर रहेको हुन्छ । विभिन्न प्रकारका बाढी, पहिरो, आगो, चोर, डाँका, शत्रु र सरकार आदिबाट भय उपद्रवहरू आउनसक्छ । यी त विभिन्न प्रकारका बाहिरबाट आउने समस्याहरू भए । हाम्रो आफ्नै व्यवहारले पनि हाम्रो सम्पत्तिहरू नाश भइरहेको हुन्छ । जसरी जुवा तास खेल्ने, जाँडरक्सी खाने आदि । त्यसैले हामीले कमाएका सम्पत्ति भनेको निकै चुनौतिपूर्ण हुन्छ, जोगाएर राख्नका लागि जसरी धारिलो चुपीजस्ता

दाँतहरूको बीचमा नरम जिब्रो छ र जुन कुनै अवस्थामा पनि टोक्न सक्छ । त्यसका लागि हामी चनाखो हुनु अतिआवश्यक हुन्छ । हो, हाम्रो सम्पत्ति भनेको पनि जिब्रोसरी नै छ । अलिकति होस गुमेमा पनि सबै स्वाहाः हुनसक्छ । त्यसैले एक सफल गृहस्थ बन्नका लागि सम्पत्ति जगेर्ना गर्ने गुण आरक्खासम्पदा हुनु पनि अतिआवश्यक छ ।

**कल्याणमित्तता**

हाम्रो वरपर छिमेकमा विभिन्न खालका मानिसहरू रहेका हुन्छन् । त्यस्ता हुलमा हामीले त्यस्तो मानिसको संगत गर्नुपर्दछ, जसले हाम्रो कल्याण चिताउँछ । जसले हामीलाई राम्रो काम गर्नका लागि प्रोत्साहन गर्दछ भने नराम्रो काम नगर्नका लागि खबरदारी गर्दछ । सकभर हामीले आफूभन्दा उत्तम साथीको खोजी गर्नुपर्दछ, त्यस्ता साथीहरू भेट्टाएनौं भने आफूसरहको साथीको खोजी गर्नुपर्दछ । आफूसरहको साथी पनि पाएनौं भने के गर्ने त ? बुद्ध भन्नुहुन्छ- नो चे लभेथ निपकं सहाय.......एको करे खग्ग विसनाकप्पो । अर्थात् आफू बरू एक्लै बस्नु नै उत्तम छ तर मूर्ख खराब साथीहरूको संगत नगर ।

**समजीविका**

समजीविका भन्नाले साधारण जीवन बिताउनु भन्ने अर्थ बुझ्न सकिन्छ । घाँटी हेरी हाड निल्नु भनेझैं आफ्नो जीवन आफूले कमाउने हिसाबले मात्र जिउनु पर्दछ । कममात्र आयस्रोत भएकाले पनि तडकभडक भएर जीवन बिताउन कोशिस गरेमा उसको जीवन नराम्ररी फस्न जाने हुन्छ । जीवन बिताउने क्रममा अति नराम्ररी पनि होइन र अति विलासी जीवन पनि होइन, मध्यमखाले जीवन हामीले बिताउनुपर्दछ भनी बुद्ध आज्ञा गर्नुहुन्छ । हामीले जतिपनि सम्पत्ति कमाउँछौं, त्यसलाई चारभागमा विभाजन गर्न सक्छौं । चारभागमध्ये दुईभागलाई आफ्नो व्यापार उन्नति गर्नका लागि लगाउनुपर्दछ भने एकभागलाई भविष्यमा आउनसक्ने सम्भावित समस्याहरूलाई मध्यनजर राख्दै सुरक्षित गर्नुपर्दछ भने एक भाग दैनिक जीवनलाई सुचारू गर्नका लागि प्रयोग गर्न सक्नुपर्दछ ।

यसरी यी चारसम्पदा अर्थात् सम्पत्तिलाई आफ्नो जीवनमा पनि उतार्न सकेको खण्डमा हामी पनि एक सफल र खुशी जीवन बिताउन सक्नेहुन्छौं ।

तपाईको जीवन मंगलमय होस् ।

## निर्वाण कामना



**दिवंगत भिक्षु धर्मानन्द महास्थविर**

**जन्म- बि.सं. १९७८ पौष १**

**मरण- बि.सं. २०६६ पौष ११**

बुद्धशासनमा समर्पित श्रद्धेय भिक्षु धर्मानन्द महास्थविरको ८८ वर्षको उमेरमा निधन हुनुभएको पुण्यस्मृतिमा अनित्यानुपश्यी भई धर्मसंवेग उत्पन्न गरी उहाँको योगदानलाई स्मरण गर्दै उहाँलाई सुगति प्राप्त होस् भनी कामना गर्दछु ।

आनन्द भूमि

**आनन्द भूमि परिवार**

**आनन्द कुटी विहार**

स्वयम्भू ।

# कोण्डन्य भन्तेको आमाको सम्झनामा



✍ गौतम शिशिर
श्रीघः विहार

जीवन अनित्य सम्झेर
विधिको विधान सम्झेर
उत्पत्ति र विनाशको रूपमा सम्झेर
बल्लतल्ल आमाको शोकलाई
बुद्ध-भगवान्‌को उपदेशले टालेर
असीम आमाका प्यारहरू
भुल्न बाध्यता हुँदोरहेछन् ती दिनहरू
हाँस्दाहाँस्दै रूनु पर्छ
रूदाँरूदै हाँस्नु पर्छ
वास्तवमा मृत्यु ध्रुव सत्य हो
सुखपछि दुःख आउने हो
दुःखपछि सुख आउने हो
मिलन र हाँसो धेरै दिन टिक्दैन
जन्मपछि मृत्यु आइरहेको देख्दैन
मान्छेको दुर्लभ जीवन पुनः पाउँदैन
आमा पनि छोरा भनी अब कहिल्यै आउँदैन ।

आज कोण्डन्य भन्तेलाई
आमाको दिवंगतले शोकमग्न बनाएको होला
भित्र मन रोएपनि बाहिर हाँस्नु हुन्छ
जस्तो बाहिर देखिन्छन् भित्र अवश्य
हाँसो खुशी छैनन् होस् पनि कसरी ?
म भावुक भई कल्पना गर्दा
भन्तेको कमलो मनमुटुलाई गाँठो पारेर
भन्नुभयो होला मान्छेको जीवन
जन्मलिइ आँउछन् पाहुना बनेर
जान्छन् मरेर धरधरी आफन्तलाई रूवाएर
यस्ता हिम्मत भएका
महान लक्ष्य भएका
बुद्धको ज्ञानगुणले भरिएका
साहसिला छोरा जन्माएका
भाग्यमानी आमा हुनुभएका ।

कोण्डन्य भन्तेको आमाको
दिवंगतले
मलाई पनि सताउँछ
सम्झनाले
मन कहाँ पुग्छ कहाँ भावुक कल्पनाले
साँच्चीकै भन्नुपर्दा मैले
सफा मन भएको
ज्ञान गुण विद्याले भरिएको
देश विदेश स्वदेश
गाउँघर पाखा भित्ता
कोण्डन्य भनी नाम कहलिएको
छोरा रविलाई जन्म गराउने आमा
यसरी कविता लेखें तपाईंकै नाममा ।

जस्तो गृहस्थी नाम रवि
त्यस्तै जहाँतहीं पुग्यो छवि
यस्तै भावनाले हुँदोरहेछन् कवि
आमा तिमी नभएनि नाम रहिरहने छ
कोण्डन्य पुत्र जन्माउने आमा
तिमीले जितेका छ्यौ
हामीले मृत्युसँग हारेका छौं
यसरी भावुक भावनासँग
छोराले पनि रोएको मन टार्दो होलान्
अन्धकारमा दियो बालेका छन्
विछोडमा कसको पो रूँदैनन् र मन
मैले पनि यसरी सम्झनामा
पोखें बह र भावना
कोण्डन्य भन्तेको दिवंगत माता सीतादेवीलाई
भावविभोर हुँदै श्रद्धाञ्जलीसहित
सुगति तथा चिरशान्तिको कामना ॥

नेपालभाषा :

# छम्ह भिक्षुया मिखाय् मां मदुगु लू



✍ कोण्डन्य

## मांयात सुगति कामना !

गुम्हसिगु सिचुगु किचः दुने
मचासु जीवन हनेखन,
गुम्हसिगु मातृ-किचलं दायेका
थौं जिं थःत पिब्वये खन ।

गुम्हसिगु ममतामयी दुःखंजाःगु त्यागं
बुद्धशासनिक प्रव्रजित जीवनय् दुतिनेखन,
गुम्हसिगु प्रेरणाया धाः बः कयाः
धे धे चुचुं धस्वायेत जक छु स्वयाच्वना ।

हाय् ! नश्वर क्षणभंगूरतायात थः नालाः
क्वःदल सदांया लागी थौं उम्ह जन्मदाता-मां,
यथार्थताय् लिधनाः धर्मसंवेगं भ्रूचाःगु नुगलं
याना उम्ह मांया सुगति-सद्गतिया कामना !

थौंन्हे संयुक्त राज्य अमेरिकाय् धार्मिक भ्रमण वनागु इलय् धम्मवती गुरूमां व जे.बि. शाक्य नं दुगु खः । उबलय् हे जिमि मां सीतादेवी (मचाबाबु) व दाजु राजन निम्हस्यां टिचिंग हस्पिटलय् अप्रेशन धाःगु अन लाइनमार्फत हे स्यूगु खः । उबलय् अमेरिकाय् नापलाःपिं बिमलामां (चमां) या काय्‌पिं ईरेश व ईकेश मान सिंपिसं निम्हसियां केश क्रिटिकल धाल । मन मच्वं, अथेसां नुगलय् थी थी कथं धौबजि वाल । तसकं मन सुख मताल । सुयातं छ सः छुं मधया, नुगलय् धौ फिना तया । बरू थासंथासय् जूगु धार्मिक पूजापाठबले मैत्रीचित्त बःलाकुसे कमसेकम यात्राज्वःछि दुःखद् बुखँ न्यने म्वाःलेमा, निम्हस्यां भिं उसाँय्‌या कामना यानांतुंच्वना । मैत्रीभाव बःलाकुसे मैत्री त्वःतेगु ज्याखंयात व्यवहारतः परिपालनया अभ्यास दिपाः मदय्‌क यायेबले थःत नं मानसिक बल प्राप्त जूथें अनुभूत जू । छुं उजाःगु हे खबर वःसा छु यायेगु ? थुगु न्ह्यसलं तसकं किपालुं दाःथें लित्तुमतु हे ल्यूगु खः । धन्य उबलय् निम्हस्यां अप्रेशन ताः लात । स्वास्थ्य सुधारपाखे हे न्ह्यात । नेपाः कुहां वये धुंका बिरामीपिन्त छेंय् वना स्वःवना । निम्हं गंसि गंसि जुयाच्वन, नुगः काइयाँ मिन ।

दच्छिलिपाया खं, मोहनी नखःया लगत्तै मांयात टिचिंग हस्पिटलय् भर्ना याःगु खबर वल । तुरून्त ब्वाँय् वना, गन धाःगु खः अन मांवना, मखन । लिपा परिवारया दुजःपिंके न्यना, हुं का मामा धका क्यंबले सिमां कुतुंवःम्हथें जुल । गंसिजुया छग्वारा चिनाच्वंम्हथें जुयाच्वन । तःन्हु अन हे तल, डायगनोसिस् याये थाकुल, व धाल थ्व धाल, एम आर आइ टेष्ट जुल, दनाः न्यासे वनेफुम्ह इन्जेक्शनं ल्यू भन्



दिवंगत सीतादेवी

धस्वाये हे मफुत, न्हापा हे सिएया लक्षण दये धुंकूगु, आः उकिं च्यापे यात धाल, लिपा रेडियो थेरापिया लागी वीर हस्पिटलय् रिफर यात । अन नं तःन्हु तल, परिवारपिनि मोहनी व स्वन्तिया लहर अस्पतालय् धावे जुइगुली हे फुत । कम्प्लिट बेद रेष्टया लागी सुझाव बिया डिस्चार्ज्ड यात । झिन्हुलिपा स्वापू तःवा धाःगुलिं तुरून्त हस्पिटल ब्वाकेमाःसां याउँसेच्वनी धयागु आशयं जिं छुं दिन बुद्ध विहारे तयेयंके धका प्रस्ताव तयाबले जिमि दथ्वी बहस नं जुल । मांया नं जिउनि धयाथें नं, हानं लोकं धाइला धइथें नं तायकल, अथेसां मां ला खः, धाइपिन्सं धायेबिउले धयाथें जितः ताल । छुं दिं जक धका तुरून्त विहारे यंका, झिन्हुजक हे तये फत, छेंय् लिहांवन ।

लच्छिलिपा मंसिर २५ कुन्हु हाकनं वीर हस्पिटलय् हयेत्यना धका रजनी तताया फोन वल, तुरून्त वना, रेडियो थेरापिया लागी यंकल । भर्ना यायेत थाय् मदु, आईतवार हाकनं हिं धाल । छेंय् वने म्हां धाल, विहारे छन्हुजक हे च्वनेगु धया, तर अस्पतालय् च्वनेगु धका धिप्पि यात, अन हे मिले जुल, आईतवारतकं थेरापि वार्डय् मिलय् यानाबी धाल । बहःनि कुरूवा च्वंपिं किजा कवि व लिलीदिदीं (तताजु) जिपिं ला ग्यात, छक वा धकाः फोन वयेवं ब्वाँय् वना । प्रेशर दाउन जुल खनिं, बहःनि ताउततक गफसफ यानाः लिहांवया । जिगु मनय् अनेतनेया धौबजि वाल, छुं गुगुं ईलय् छुं जुइफु न्है धयाथें मनय् थी थी तरंग दिपाः मदय्क न्ह्यानातुंच्वन ।

कन्हे कुन्हु न्हिनय् वना, जिमि अबु संघरत्न मानन्धर नं नापलात । स्थिति बाँमलाःगु जुया स्पष्ट खं कनाबिया, लिपा ततां ल्हाःभाय् याना ब्वाब्वायात छुं धायेमते धाःबले फुकं कनेधुन धया । क्यान्टिनय् च्या त्वंवना, अबु, तता, दाजुकिजापिं नं दुथाय् स्पष्ट जुइक मामायात छुं गुगुं ईलय् नं मखुथें जुइफु, अथेजुया मानसिकरूपं तयार जूसां जिउ, आः मन बःलाका न्ह्याये फुसा छुं जूसां नं अःपुइ, मखुसा अप्वः ह्वँाय् ह्वँाय् च्वँाय् च्वँाय् ख्वयाच्वने माली धका छु धया तता अन हे सुकसुकुं ख्वख्वं अथेथथे धाधां ख्वल । हः थथे जुइ धका न्ह्यवः हे थथे धायेमाःगु धका सान्त्वना बिया । कन्हे सुथय् वना, प्रेशर भचा थहां वल, न्वंवाये बले हुँ हुँ याःम्ह मांयात स्वया लिहांवया । कंस हे लुम्बिनी वनेगु क्वःछिना तयेधुन, छु यायेगु यायेगु जुल, जिं वनेगु हे क्वःछिना । छुं जूसा तुरून्त खबर या, छु याये माल याये का, लुम्बिनी वनेत पनीथें ताल धका छेंजःपिंलिसे खं ब्याकुब्याकुं भिन्हुति ला अभ्रं न्ह्याइ तिनि ला धयागु आशावादी भाव कालबिल यानागु नं खः । तर धयाथें गन जुइ थन, वि. सं. २०६६ २८ गते मंसिर, न्हिनसिया ११:३० बजेति मोबाइलय् घण्टी न्यात, फोन ल्याः खनेवं छुं धाइनं जुइ धइगु मानसिकता कयेच्यानाः हेलो धका फोन ल्ह्वनेगु यानाच्वनागु मोहनीबलेनिसें हे खः ।

